# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २८० | काठमाडौं | आइतबार, २५ माघ २०८२ | Prabhab National Daily | Sunday, 08 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## रहेनन् अभिनेता थापा



■ प्रभाव संवाददाता

- ६८ वर्षीय अभिनेता थापाको हृदयघातका कारण शनिबार निधन
- आज चलचित्र विकास बोर्डमा अन्तिम श्रद्धाञ्जलिका लागि राखेर अन्त्येष्टि गरिने
- तीन दशकभन्दा लामो समयदेखि अभिनयमा सक्रिय थिए थापा
- प्रधानमन्त्री सुशीला कार्कीद्वारा अभिनेता थापाको निधनप्रति शोक व्यक्त
- एक्सन फिल्म 'राम नाम सत्य'को छायांकन चलिरहेकै समयमा अस्ताए अभिनेता थापा

**काठमाडौं–** नेपाली तथा हिन्दी चलचित्रका चर्चित अभिनेता सुनिल थापाको शनिबार निधन भएको छ । नेपाली चलचित्रमा खलनायकको भूमिकालाई नायकसरह स्थापित गरेका थापाको ६८ वर्षको उमेरमा निधन भएको हो । शनिबार बिहान अचानक स्वास्थ्यमा समस्या देखिएपछि अभिनेता थापालाई उपचारका लागि थापाथलीस्थित नर्भिक अस्पताल लगिएको थियो । चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलाले अभिनेता थापाको हृदयघातबाट निधन भएको अस्पतालले जानकारी दिएको बताए ।

'बिहान चलचित्रको छायांकनमा जानुपर्ने भएकाले आफूसँगै रहेका सहयोगीलाई चाँडै उठाउन भन्नुभएको रहेछ, ती सहयोगी बिहान उठाउन जाँदा अभिनेता थापालाई अचेत पाएपछि अस्पताल ल्याइएको रहेछ । अस्पतालले प्रारम्भिक जाँच गरेपछि मृत घोषणा गरेको हो,' अध्यक्ष निरौलाले भने ।

अभिनेता थापाका श्रीमती, एक छोरा र एक छोरी छन् । भारतको मुम्बईमा बस्दै आएका उनीहरू आउन ढिलाइ भएपछि अभिनेता थापाको अन्त्येष्टि आज आइतबार गरिने भएको छ । आज चलचित्र विकास बोर्डमा अन्तिम श्रद्धाञ्जलिका लागि राखेर पशुपति आर्यघाटमा अन्त्येष्टि गरिने संघका अध्यक्ष निरौलाले बताए । लामो समयदेखि नेपाली तथा भारतीय चलचित्रमा अभिनयमा सक्रिय रहेका थापाको असामयिक निधनले सम्पूर्ण नेपाली कला जगत् स्तब्ध बनेको छ ।

क्रमशः पृष्ठ २ मा

# घोषणापत्र लेखनमै अल्झिए दल

- निर्वाचन हुन २५ दिनमात्र बाँकी हुँदा सार्वजनिक भएनन् दलका घोषणापत्र
- कांग्रेस सभापति गगन थापा, एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा घोषणापत्र लेख्दै
- छिट्टै घोषणापत्र सार्वजनिक गर्ने तयारीमा नेकपा र रास्वपा
- जेन–जी विद्रोहपछि नयाँ मुद्दा घोषणापत्रमार्फत सार्वजनिक गर्नुपर्ने बाध्यतामा पुराना दल
- नयाँ दलहरू पुरानाभन्दा फरक र मतदाता आकर्षित गर्ने घोषणापत्र ल्याउनुपर्ने दबाबमा




■ जेबी योञ्जन

**काठमाडौं–** प्रतिनिधिसभा सदस्यको निर्वाचन हुन २५ दिन बाँकी छ । राजनीतिक दलका र स्वतन्त्र उम्मेदवारहरू घरदैलो अभियानमा छन् । फागुन ४ गतेपछि औपचारिकरूपमा चुनावीसभामा उम्मेदवारहरू निस्किने छन् ।

निर्वाचन आयोगले चुनावी तयारी तीव्र पारेको छ । सरकारले चुनावी सुरक्षाका लागि एक महिनाअघि नै नेपाली सेनालाई सडकमा उतारेको छ । म्यादी प्रहरीहरू तालिममा छन् । नेपाल प्रहरी र सशस्त्र प्रहरी केन्द्रीय सुरक्षा रणनीतिअनुसार परिचालित हुन भने बाँकी छ । यसरी सुरक्षा दृष्टिले पनि देश चुनावमय भएको देखाउँछ ।

चुनावबाट जनादेश प्राप्त गरी वैधानिकरूपले सत्ताको नेतृत्व गर्ने दलीय आकांक्षा छ । त्यसका लागि दलहरूले जनतामाझ एकल बहुमत आए पाँच वर्षे संसद्को कार्यकालमा गर्न सकिने कार्यक्रमिक रूपरेखासमेत भनिने घोषणापत्र सार्वजनिक गर्ने प्रचलन छ । तर, अहिलेसम्म दलहरूले घोषणापत्र सार्वजनिक गरेका छैनन् ।

नेपाली कांग्रेसले सभापति गगन थापाको नेतृत्वमा घोषणापत्र तयार पार्दै छ । विशेष महाधिवेशनपछि ललितपुरको कुपण्डोलस्थित एक होटलमा बसेको पार्टीको पहिलोपटक केन्द्रीय समिति बैठकले सभापति थापाको नेतृत्वमा घोषणापत्र लेख्ने निर्णय गरेको थियो । सोहीअनुसार घोषणापत्र लेखनको काम भइरहेको प्रवक्ता देवराज चालिसेले बताए ।

'सभापतिज्यूलाई घोषणापत्र लेखनको जिम्मेवारी केन्द्रीय समितिको पहिलो बैठकले दिएको हो र उहाँकै नेतृत्वमा घोषणापत्र लेख्ने काम भइरहेको छ, छिट्टै सार्वजनिक हुन्छ,' उनले भने । उनका अनुसार घोषणापत्र लेखन विशेष महाधिवेशनमा पारित तत्कालीन महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्माको प्रस्तुत प्रतिवेदनका आधारमा हुने छ ।

नेकपा एमालेको घोषणापत्र अध्यक्ष केपी शर्मा ओली नेतृत्वको समितिले लेख्दै छ । नेता प्रदीप ज्ञवालीका अनुसार एमालेले 'समृद्ध नेपाल, सुखी नेपाली'को मूल अभिभारालाई पूरा गर्नेगरी घोषणापत्रमा कार्यक्रम समेटिने छ । उनले घोषणापत्र एमालेलाई निर्णायक शक्ति बनाउने संकल्पसहितको हुने बताए ।

क्रमशः पृष्ठ २ मा



सभापतिज्यूलाई घोषणापत्र लेखनको जिम्मेवारी केन्द्रीय समितिको पहिलो बैठकले दिएको हो र उहाँकै नेतृत्वमा घोषणापत्र लेख्ने काम भइरहेको छ, छिट्टै सार्वजनिक हुन्छ ।

■ **देवराज चालिसे**
प्रवक्ता, नेपाली कांग्रेस



'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय अभिभारालाई हामीले पूरा गर्नुछ । त्यसका लागि पहिलो सर्त भनेकै एमालेलाई निर्णायक शक्ति बनाउनु हो, त्यो संकल्पसहितको स्पष्ट कार्यक्रम समेटेर घोषणापत्र बनाउँछौं ।

■ **प्रदीप ज्ञवाली**
नेता, नेकपा एमाले

**सन्दर्भ: वैदेशिक रोजगार**

## क्रोएसियामा 'वर्क पर्मिट' नवीकरण गर्न भाषा अनिवार्य

- एक वर्ष बसेपछि कार्य अनुमति नवीकरण गर्न 'ए १.१' स्तरको क्रोएसियन भाषा परीक्षा उत्तीर्ण गरेको हुनुपर्ने
- क्रोएसियाको कानुनलाई युरोपेली संघको कानुनसँग मिलाउन र श्रमबजारको आवश्यकतालाई हेर्दै कामदारको सुरक्षा मजबुत बनाउने व्यापक सुधारको हिस्साका रूपमा यो कदमलाई लिइएको उल्लेख

■ प्रभाव संवाददाता



**काठमाडौं–** क्रोएसिया सरकारले विदेशी कामदारलाई 'वर्क पर्मिट' नवीकरण गर्न क्रोएसियन भाषा अनिवार्य गर्ने प्रस्ताव संसदीय प्रक्रियामा पठाएको छ । नेपालीहरूको आकर्षक श्रम गन्तव्य बन्न थालेको उक्त मुलुकमा एक वर्ष बसेपछि कार्य अनुमति नवीकरण गर्न 'ए १.१' स्तरको क्रोएसियन भाषा परीक्षा उत्तीर्ण गरेको हुनुपर्ने त्यहाँको सञ्चारमाध्यम 'क्रोएसिया विक'ले उल्लेख गरेको छ ।

क्रोएसियाको कानुनलाई युरोपेली संघको कानुनसँग मिलाउन र श्रमबजारको आवश्यकतालाई हेर्दै कामदारको सुरक्षा मजबुत बनाउने व्यापक सुधारको हिस्साका रूपमा यो कदमलाई लिइएको जनाइएको छ । समाचारका अनुसार युरोपेली संघको 'सिंगल पर्मिट' निर्देशिका र शरणार्थी तथा आप्रवासनसम्बन्धी सन्धिसँग मेल खानेगरी संशोधनहरू प्रस्तुत गरिएको छ । यसले पूरै युरोपेली संघभर एकै किसिमको प्रणाली स्थापना गर्ने बताइएको छ ।

त्यहाँको आन्तरिक मन्त्रालयका अनुसार सुधारको उद्देश्य श्रम अभावलाई समयमा सम्बोधन गर्ने, प्रशासनिक बोझ घटाउने, अनुमति प्रक्रिया र दक्षता सुधार गर्ने र तेस्रो देशका कामदारका लागि मजबुत सुरक्षा उपलब्ध गराउनु रहेको उल्लेख गरिएको छ ।

उक्त समाचारका अनुसार विदेशी कामदारको रोजगारीलाई चलायमान बनाउन महत्त्वपूर्ण परिवर्तन प्रस्ताव गरिएको छ । जसले विदेशी कामदारलाई काम परिवर्तन गर्न सजिलो बनाउने छ । कामदारले एउटै रोजगारदाताकोमा अन्य पेसामा पनि रोजगार परिवर्तन गर्न पाउने छन् । विदेशी कामदारले पहिलो नियोक्तासँग छ महिना काम गरेपछि नयाँ बसोबास र कार्य अनुमति नभए पनि रोजगारदाता परिवर्तन गर्नसमेत पाउने भनिएको छ । साथै, कामदार अभाव नभएको र श्रमबजार परीक्षण नगरिएको पेसामा भने काम गर्न नपाइने उल्लेख गरिएको छ । बसोबास र कार्य अनुमति जारी गर्ने समय सीमा ९० दिनसम्म बढाइने छ ।

समाचारका अनुसार अनियमितता फेला परेका र कालोसूचीमा राखिएका रोजगारदातालाई निरीक्षण गरिएपछि एक वर्षका लागि नयाँ कार्य अनुमति प्राप्त गर्न रोक लगाइने छ । रोजगारी समाप्तीसम्बन्धी सूचना प्रहरी प्रशासनलाई दिने जिम्मेवारी विदेशी रोजगारदातामा सारिने छ । हाल श्रमिकले नै सो जानकारी गराउँदै आएका थिए ।

विदेशी श्रमिकले क्रोएसिएन इम्प्लोइमेन्ट सिस्टम (एचजेडजेड)लाई सम्झौता समाप्त भएपछि पाँच दिनभित्र सूचना दिनुपर्ने भएको छ । एचजेडजेडबाट प्रस्ताव गरिएको जागिर अस्वीकार गर्दा अनुमतिपत्रसमेत गुम्ने औंल्याइएको छ । विदेशी श्रमिकको बसोबास दर्ताको समयसीमा तीन दिनबाट बढाएर १५ दिन पुर्‍याइने जनाइएको छ । रोजगारदाताले ३० दिनभन्दा बढी अवरुद्ध नभएको बैंक खाता राख्नुपर्ने र विगत १२ महिनाको लेनदेन प्रवाह देखाउनुपर्ने भएको छ ।

क्रमशः पृष्ठ २ मा

**प्रतिनिधिसभा सदस्य निर्वाचन**

## इलाम–२ मा सुहाङ र भेषराजबीच टक्कर

- इलाम–२ मा १४ उम्मेदवार चुनावी मैदानमा
- मुख्य प्रतिस्पर्धा एमालेका सुहाङ नेम्बाङ र कांग्रेसका भेषराज आचार्य हुने संकेत
- बुबा सुवासचन्द्र नेम्बाङसँग झिनो मतान्तरले पराजित हुने गरेका भेषराज छोरा सुहाङविरुद्ध जित निकाल्ने दाउमा



भेषराज आचार्य



सुहाङ नेम्बाङ

■ प्रभाव संवाददाता

**काठमाडौं–** संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्बाङ जीवित हुञ्जेल इलाम–२ का मतदाताले उनको विकल्प खोजेनन् । २०५६ यता उनले चुनाव जितिरहे । उनको निधनपछि भएको उपनिर्वाचनमा पनि छोरा सुहाङलाई मतदाताले रोजे । उनलाई संसद् पुर्‍याए ।

तर, उनीहरूले सांसदका रूपमा सुहाङलाई चुनेको डेढ वर्ष पनि नहुँदै फेरि चुनावमा सहभागी हुनुपरेको छ । चुनाव क्षेत्रमा पर्ने फाकफोकथुम गाउँपालिका–३ का विजय लिम्बूले प्रभावसँग भने, '२०७९ मा भोट हाल्यौं । २०८१ को वैशाखमा पनि भोट हाल्यौं अब फागुन २१ गते पनि हाल्नुपर्ने भयो । करिब तीन वर्षमा तीनपटक सांसद चुन्नुपर्ने अवसर हामीलाई मिल्दै छ ।'

यसपटक इलाम–२ मा एमालेबाट सुहाङ नेम्बाङ नै उम्मेदवार छन् । उनका बुबा सुवाससँग बारम्बार पराजित भएका नेपाली कांग्रेसका भेषराज आचार्य यसपटक प्रतिस्पर्धामा छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट गोकुलबहादुर राई, नेपाली कम्युनिस्ट पार्टीका ओमबहादुर गुरुङ, श्रम संस्कृति पार्टीका सुदीप राईसहित १४ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

बुबा सुवासको निधनपछि भएको उपनिर्वाचनबाट संसद् पुगेका सुहाङ दोस्रो जितको खोजीमा छन् । आचार्य भने सुवाससँग पटक–पटक झिनो मतान्तरले पराजित हुँदाको बदला छोरा सुहाङसँग लिन खोज्दै छन् । यहाँ सुहाङ उम्मेदवार बनेको दल एमाले र आचार्य उम्मेदवार बनेको कांग्रेस बलियो शक्ति हुन् ।

क्रमशः पृष्ठ २ मा




**पृष्ठ १ बाट क्रमशः**

## घोषणापत्र...

'देश अहिले संकटमा छ, संकटबाट देशलाई मुक्त गर्दै एमालेले विगतमा भन्दै आएको समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय अभिभारालाई हामीले पूरा गर्नुछ,' उनले भने, 'त्यसका लागि पहिलो सर्त भनेकै एमालेलाई निर्णायक शक्ति बनाउनु हो, त्यो संकल्पसहितको स्पष्ट कार्यक्रम समेटेर घोषणापत्र बनाउँछौं।' अध्यक्ष ओली संयोजक रहेको घोषणापत्र मस्यौदा कमिटीमा उपाध्यक्षद्वय रामबहादुर थापा र विष्णु पौडेल, महासचिव शंकर पोखरेल, नेताहरू ईश्वर पोखरेल, प्रदीप ज्ञवाली र विष्णु रिमाल सदस्य छन्।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले यो निर्वाचनमा सुशासन, सामाजिक न्याय र समृद्धिको प्रमुख मुद्दा घोषणापत्रमा समेट्ने जनाएको छ । नेकपाको घोषणापत्र लेखन समितिका सदस्य राजेन्द्र श्रेष्ठका अनुसार घोषणापत्र मस्यौदा कमिटीले मस्यौदा तयार गरिरहे पनि सार्वजनिक गर्ने मिति तय भइसकेको छैन । नेकपाको घोषणापत्र लेखन समितिमा नेता प्रमेश हमाल, भीम रावल, देव गुरुङ, गिरिराजमणि पोखरेल, शक्ति बस्नेत, हरिबोल गजुरेल, राजेन्द्र श्रेष्ठ, पम्फा भुसाल, रामचन्द्र झा, हरि चौधरी, हाकिकुल्ला खाँ, अजम्बर काङबाङलगायत छन्।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले उपसभापति स्वर्णिम वाग्लेको संयोजकत्वमा घोषणापत्र तयार गरिरहेको छ । महामन्त्री कविन्द्र बुर्लाकोटीका अनुसार घोषणापत्र तयारी अन्तिम चरणमा पुगेको र केही दिनमा सार्वजनिक गरिने छ । 'हाम्रो घोषणापत्र फाइनल हुन लाग्यो र छिट्टै सार्वजनिक गर्छौं,' उनले भने, 'जेन-जी आन्दोलनको मूल भावना त्यहाँ समेटिन्छ ।'

राष्ट्रिय प्रजातन्त्र पार्टी, जनमत पार्टी, श्रम संस्कृति पार्टी, उज्यालो नेपाल, नेकपा संयुक्तलगायत दलले पनि चुनावी घोषणापत्र बनाइरहेका छन् । आगामी निर्वाचनमा नयाँ दलहरू जेन-जी आन्दोलनको रापतापलाई आफ्नो पक्षमा पार्ने प्रयासमा छन्। पुराना दलहरू आफ्नो वर्चश्व जोगाउन कसरतमा देखिएका छन् । उनीहरूसामु गत भदौ २३ र २४ मा भएको जेन-जी आन्दोलनपछि घोषणापत्रमार्फत नयाँ मुद्दा अघि सार्ने दबाबमा छन् । नयाँ दलहरूले पनि पुरानाभन्दा फरक र जनचाहनाअनुसारका मुद्दा समेटेर मतदाता आकर्षित गर्नेगरिको घोषणापत्र तयार गर्नुपर्ने स्थिति देखिएको छ ।

यहीबीच विगतका निर्वाचनमा दल र उम्मेदवारहरूले मत माग्न जाँदा घोषणापत्रमा गरेका बाचा कार्यान्वयन नभएकोमा चर्को आलोचना भइरहेको छ। त्यसो हुँदा निर्वाचनमा पुराना दललाई कार्यान्वयन गर्न सक्ने ठोस कार्यक्रम र योजनामात्र घोषणापत्रमा राख्नुपर्ने बाध्यता छ।

■■■

## रहेनन् अभिनेता...

चलचित्रमा खलनायक पात्रलाई पनि अभिनेता सरह चर्चा र सम्मान दिलाउन सफल थापा 'राते काइँला' पात्रमार्फत विशेष रूपमा लोकप्रिय थिए। उनी शंखमूलस्थित अपार्टमेन्टमा बस्दै आएका थिए ।

अभिनेता थापा तीन दशकभन्दा लामो समयदेखि अभिनयमा सक्रिय थिए । उक्त अवधिमा उनले डेढ सयभन्दा बढी चलचित्रमा काम गरेका छन्। उनी अभिनित पछिल्लो चलचित्र 'एक्लो' गत पुस १७ गते प्रदर्शन भएको थियो। छयांकन जारी रहेको एक्सन फिल्म 'राम नाम सत्य' उनको अन्तिम चलचित्र बन्न पुगेको छ । उनी शुक्रबार राति अबेरसम्म सोही चलचित्रको छायांकनमा थिए ।

थापाले सन् २०१४ मा रिलिज भएको बलिउड फिल्म 'मेरी कोम'बाट विश्वमै ख्याती कमाएका थिए । यसमा उनले अभिनेत्री प्रियंका चोपडाको बक्सिङ प्रशिक्षकको भूमिका निभाएका थिए । केही साताअघि मात्र उनले अभिनय गरेको हिन्दी वेब सिरिज 'द फेमिली म्यान ३' ओटिटीमा सार्वजनिक भएको थियो ।

### प्रधानमन्त्री कार्कीद्वारा शोक व्यक्त

प्रधानमन्त्री सुशीला कार्कीले नेपाली सिनेमा क्षेत्रका लोकप्रिय अभिनेता सुनिल थापाको असामयिक निधनको खबरले आफू मर्माहत भएको बताएकी छन् । अभिनेता थापाको निधनसँगै नेपाली र भारतीय चलचित्र जगत्ले एक बहुआयामिक कलाकार मात्र नभई दरिलो खम्बा गुमाएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले 'चिनो'का राते काइँलादेखि 'मेरी कोम'का प्रशिक्षकसम्ममा उनका खलनायक र सहनायकका उम्दा भूमिका करोडौंका मन जित्न सफल भएका बताएकी छन् ।

प्रधानमन्त्री कार्कीले शोक सन्देश जारी गर्दै कलाकार थापाका हरेक चरित्र हामी दर्शकका स्मृतिमा सदैव जीवित रहने बताएकी छन् । सन्देशमा उनले 'चार दशकभन्दा बढी समयको उहाँको साधना, समर्पण र योगदान भावी पुस्ताका कलाकारका लागि प्रेरणाको स्रोत रहने छ' भनेकी छन् ।

प्रधानमन्त्रीले उनीप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारजन, आफन्त, शुभेच्छुक तथा सम्पूर्ण कला क्षेत्रप्रति गहिरो समवेदना व्यक्त गरेकी छन् ।

यसैबीच नेपाली कम्युनिस्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले नेपाली चलचित्र क्षेत्रका मूर्धन्य व्यक्तित्व सुनिल थापाको निधनले आफूलाई दुखी बनाएको बताएका छन् । शनिबार उनले शोक सन्देश जारी गर्दै थापाप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्नुका साथै शोकाकुल परिवारजन तथा शुभेच्छुकमा गहिरो समवेदना व्यक्त गरेका छन् । संयोजक दाहालले अभिनेता थापाले नेपाली चलचित्र क्षेत्रमा पुऱ्याएको योगदान हामी सबैका लागि स्मरणीय रहने बताए ।

■■■

## क्रोएसियामा...

विदेशी कामदारको भर्नाको लागि क्रोएसियाली रोजगार सेवाबाट सकारात्मक सिफारिस प्राप्त गर्न, रोजगारदाताले विभिन्न नियम पालन गर्नु आवश्यक बनाइने भएको छ । जसमा कर्मचारीको कम्तीमा १० प्रतिशत क्रोएसियाली नागरिक हुनुपर्ने, इयू, इइए, स्विट्जरल्याण्डको नागरिक हुनुपर्ने, पूर्णकालीनरूपमा कार्यरत हुनुपर्नेजस्ता नियम अघि सारिएका छन् ।

हालका सुधारले आर्थिक माग, सामाजिक एकीकरण र कानुनी सन्तुलन गर्ने उद्देश्य राख्ने जनाइएको छ । क्रोएसिया नेपाली श्रमिकहरू जाने प्रमुख १० रोजगार गन्तव्यमा पर्दै आएको छ । आव २०७६/७७ मा ६४६ जना क्रोएसिया गएकामा त्यसयता उक्त मुलुक जानेको संख्या बढेको पाइन्छ । गत आव २०८१/८२ मा १३ हजार ८३५ जना रोजगारीका लागि उक्त मुलुक गएका छन् । यो संख्या व्यक्तिगत र श्रम स्वीकृति नवीकरण गरेर जानेहरूको हो। त्यसअघि आव २०८०/८१ मा संस्थागत, व्यक्तिगत र पुनः श्रम स्वीकृति लिएर १५ हजार ३६४ जना रोजगारीमा गएका थिए । युरोपको मागपत्र प्रमाणीकरणमा समस्याका कारण व्यक्तिगत श्रम स्वीकृति लिएर क्रोएसियालगायतका मुलुक जानेहरूको संख्या बढी छ ।

■■■

## इलाम-२...

रास्वपाको यसअघि भएको उपनिर्वाचनमा जमानत जफत भएको थियो । त्यसले पनि रास्वपाको संगठन शक्ति देखाउँछ। नेकपा झनै कमजोर दल हो। अन्य शक्तिको जनस्तरमा संगठन विस्तार नै छैन। त्यसले गर्दा यहाँ एमाले-कांग्रेस नै चुनावी जितका सम्भावित हकदार देखिन्छन् ।

१६ महिनाको संसदीय अभ्यासमा अपेक्षाअनुसार काम गर्न नपाएको भन्दै उनले शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, पुल र स्थानीय कृषि उत्पादनमार्फत रोजगारी सिर्जनालाई मुख्य एजेण्डा बनाएका छन् । संगठन संरचना बलियो रहेको, पार्टीका तर्फबाट अघिल्ला वर्षमा भएका विकास काम र बुबा सुवासको लोकप्रियता आफ्नो प्रमुख आधार भएको उनी बताउँछन् । उनले जनतामाझ यसअघि जनाएको प्रतिबद्धता पूरा गर्नकै लागि उम्मेदवार बनेको पनि स्पष्ट पारे ।

'जेन-जी विद्रोहले ०८४ को चुनाव ०८२ मा धकेलिदियो । मैले डेढ वर्ष पनि सांसद भएर इलामे जनताको सेवा गर्न पाइनँ,' उनले भने, 'छोटो अवधि हुनाले मैले इलामे जनतामाझ जनाएको प्रतिबद्धता पूरा गर्न फेरि उम्मेदवार बनें ।' उनले यसपटक पनि जनताको रोजाइमा आफू पर्ने र इलामको समृद्धि र विकासको नेतृत्व लिने दाबी गरे ।

कांग्रेस उम्मेदवार आचार्य भने यसपटक परिणाम उल्टिने विश्वास गर्छन् । विकास, सुशासन र सामाजिक न्यायलाई प्रमुख एजेण्डा बनाएका आचार्य आफू लामो समयदेखि इलामको सामाजिक र राजनीतिक क्षेत्रमा सक्रिय रहँदै आएको र यसपटक इलामे जनताले आफूमाथि न्याय गर्ने बताए ।

'मैले सामाजिक क्षेत्रमा तीन दशकदेखि काम गरें, भलै म इलाम-२ का मतदाताको जनादेश लिएर संसद् पुग्न सकिनँ,' उनले भने, 'अब मलाई यसपटक मतदाताले न्याय गर्नुहुन्छ, मलाई आफ्ना प्रतिनिधि बनाउनुहुन्छ ।'

रास्वपाका उम्मेदवार राईले कृषि, शिक्षा, स्वास्थ्य, सुशासन र जनमुखी नीति निर्माणलाई एजेण्डा बनाएका छन् । उनी ३२ वर्षका सबैभन्दा कान्छा उम्मेदवारसमेत हुन् । उनी भन्छन्, 'इलाम-२ मा परिवर्तनको लहर उपनिर्वाचनमा भन्दा राम्रो छ । यसपटक यहाँका जनताले घण्टी बजाउँछन् । मलाई त्यो विश्वास छ ।'

इलाम-२ मा कूल एक लाख १९ हजार ४८९ मतदाता छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा उम्मेदवारहरू प्रचारप्रसारमा सक्रिय बन्दै गएका छन् । निर्वाचन आचारसंहिताअनुसार फागुन ४ देखि खुला प्रचार सुरु हुने छ । तर, त्यसअघि नै इलाम-२ को चुनावी माहोल तातिसकेको छ । अधिकांश उम्मेदवार घरदैलो अभियानमा व्यस्त छन् । मतदाता उम्मेदवारका प्रतिबद्धता सुन्दै उनीहरूका एजेण्डाको लेखाजोखा गरिरहेका छन् । अधिकांश दलले औपचारिक घोषणापत्र र विस्तृत प्रतिबद्धता भने सार्वजनिक गरेका छैनन् ।

गत उपनिर्वाचनमा यसपटक पनि एमाले उम्मेदवार रहेका सुहाङले कांग्रेसका डम्बरबहादुर खड्कालाई पाँच हजार ८३० मतान्तरले पराजित गरेका थिए । सुहाङले २७ हजार ७७२ मत पाउँदा खड्काले २१ हजार ९४२ मत प्राप्त गरेका थिए । त्यही उपनिर्वाचनमा स्वतन्त्र उम्मेदवार डकेन्द्रसिंह थेगिम ११ हजार ४५७ मतसहित तेस्रो र रास्वपाका मिलन लिम्बू पाँच हजार ५० मतसहित चौथो भएका थिए ।

उपनिर्वाचनको समानुपातिक मततर्फ पनि इलाम-२ मा एमाले नै सबैभन्दा अगाडि छ । एमालेले २६ हजार ५६२ मत पाउँदा कांग्रेसले २२ हजार ३३३ मत पाएको थियो । यस्तै तत्कालीन नेकपा माओवादी केन्द्रले पाँच हजार १५३, रास्वपाले चार हजार ६८६ र मंगोल नेसनल अर्गनाइजेसनले एक हजार ६६१ समानुपातिक मत प्राप्त गरेका थिए । यसपटक इलाम-२ मा एक लाख १९ हजार ४८९ मतदाता रहेका निर्वाचन कार्यालयले जानकारी दिएको छ ।


**काठ लिलाम बिक्रि सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०८२/१०/२५**

यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्धी भएको गोलिया काठ लिलाम प्रकिया द्वारा लिलाम बढाबढ गर्नुपर्ने भएकोले घाटगद्धीमा मौज्दात रहेको जात साल,अस्ना,हल्दु गोलिया २९८ थानको २७५४।५० क्युफी काठ लाई शिलबन्दी बोलपत्रद्धारा लिलाम विकी गर्नुपर्ने भएकोले प्रभाव राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलवन्दी बोलपत्र २२ औ दिनको ३ बजेभित्र यस सा.व.उ.स.को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको सूचना यस सा.व.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरूमा समेत टाँस गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।

**अध्यक्ष**

**श्री देवरिया सामुदायिक वन उपभोक्ता समुह, धनगढी उ.म.न.पा.-०७ कैलाली**



**सुदूरपश्चिम प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**सेती प्रादेशिक अस्पताल**

**धनगढी, कैलाली, नेपाल**

**Invitation for Online-Bids**

**Date of Publication: 2082/10/25 (8th February, 2026)**

Seti Provincial Hospital invites electronic bids from eligible bidders for the following works under NCB Bidding Procedure. For more details, bidders may visit and download from e-GP system www.bolpatra.gov.np/egp.

| Contract ID: | Description of Works: | Total Estimated Amount NRs (With VAT): | Bid Security Amount ( NRs) | Bid Document Fee (NRs) : |
|---|---|---|---|---|
| SPH/NCB/ Works/ 01/2082-83 | Construction of ward Building of seti Provincial Hospital (First and second floor over dialysis Building) | 1,94,02,258.67 | 5,00,000.00 (Five lakh) | 3000.00 |

**Chief Administrative Officer**


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, २५ माघ, २०८२

| | |
|---|---|
| **मेष** | स्वास्थ्यमा सुधार आउनेछ । हनुमान चालिसाको पाठ गरेमा दिन लाभप्रद हुनेछ । |
| **वृष** | रोकिएका कामहरू बन्नेछन् । भोकालाई भोजन गराएमा लाभ मिल्नेछ । |
| **मिथुन** | बोलिको प्रभाव बढ्नेछ । पिपलमा जल चढाउनाले कार्य सिद्ध हुनेछ। |
| **कर्कट** | मानसिक तनाव कम हुनेछ । कालो वस्त्र दान गरेमा समस्या घट्नेछ । |
| **सिंह** | अनावश्यक विवादबाट टाढा रहनुहोला । सूर्यलाई जल चढाउनाले लाभ मिल्नेछ । |
| **कन्या** | प्रेम सम्बन्धमा निकटता आउनेछ । शनिदेवको स्मरण गरेमा बिघ्न हटेर जानेछ । |
| **तुला** | सामाजिक प्रतिष्ठा बढ्नेछ । चराचुरुङ्गीलाई चारो हालेर शुभत्त्व बढाउन सक्नुहुनेछ । |
| **वृश्चिक** | स्वास्थ्यमा समस्या देखा पर्न सक्छ । सुन्दरकाण्डको पाठ गरेमा शक्ति प्राप्त हुनेछ । |
| **धनु** | आर्थिक लाभ मिल्नेछ । गुरुजनको आशीर्वाद लिनुहोला । |
| **मकर** | मिहिनेत गरेमा फल प्राप्त हुनेछ । शनिदेवको बिज मन्त्र जप गर्नुहोला । |
| **कुम्भ** | नयाँ मित्र बन्नेछन् । कालो कुकुरलाई भोजन गराएमा दिन शुभमय रहनेछ । |
| **मीन** | अनावश्यक भ्रमण हुनेछ । बालगोपालको भजन सुन्नाले मन शान्त रहनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर | ६६१२२६६ |
| मानसिक अस्पताल | ४३६३४५२/४३६०८८९ |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४४८०१७० |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४७८४८४०/४७८५१५७ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४३५४५३७/४३८१९६२ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४२५८५५२/४२५८५५१ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४११६०५/४४२०८२३ |
| | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२५ माघ, २०८२ (०८ फेब्रुवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४४.१३ | १४४.७३ |
| युरो | १ को | १६९.९४ | १७०.६५ |
| पाउन्ड स्टिर्लङ | १ को | १९६.८५ | १९७.६६ |
| स्विस फ्रेन्क | १ को | १८५.२५ | १८६.०२ |
| अस्ट्रेलियन डलर | १ को | १०१.०१ | १०१.४३ |
| क्यानाडियन डलर | १ को | १०५.३८ | १०५.८२ |
| सिङगापुर डलर | १ को | ११३.४२ | ११३.८९ |
| जापानी येन | १० को | ९.२४ | ९.२८ |
| चिनियाँ युआन | १ को | २०.७७ | २०.८६ |
| साउदी अरब रियाल | १ को | ३८.४३ | ३८.५९ |
| कतारी रियाल | १ को | ३९.५४ | ३९.७१ |
| थाई भाट | ख १ को | ४.५७ | ४.५९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.२४ | ३९.४१ |
| मलेसियन रिङेट | १ को | ३६.६५ | ३६.८० |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९८ |
| स्विडिस क्रोनर | १ को | १६.१० | १६.१६ |
| डेनिस क्रोनर | १ को | २२.७५ | २२.८५ |
| हङकङ डलर | १ को | १८.४५ | १८.५२ |
| कुवेती दिनार | १ को | ४७१.८६ | ४७३.८३ |
| बहराइन दिनार | १ को | ३८२.३१ | ३८३.९० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# ‘मातृभाषी पत्रकारमाथि सरकारको विभेद कायमै’

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)का संघीय अध्यक्ष लक्की चौधरीले आदिवासी जनजाति पत्रकारहरूको माग र मुद्दामा सरकार गम्भीर नभएको बताएका छन् । फोनिज काठमाडौं शाखाको शनिबार सम्पन्न २२औं साधारणसभामा मन्तव्य राख्दै अध्यक्ष चौधरीले मातृभाषी पत्रकारलाई हेर्ने सरकारको दृष्टिकोण अहिले पनि विभेदकारी रहेकोप्रति आपत्ति जनाए ।

‘फोनिजकै हकमा सरकारले अहिलेसम्म टोकन मनीको रूपमामात्रै दिने गरेको छ । आदिवासी पत्रकारहरूको पेसा सुरक्षा र हक हितमा त निक्कै परको कुरा हो,’ अध्यक्ष चौधरीले भने । उनले फोनिज काठमाडौंले मातृभाषामा लेख्न चाहने र लेखिरहेका पत्रकारहरूलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिए । साथै, उपत्यकामा देशभरिका आदिवासी जनजाति पत्रकारहरूलाई आगामी दिनमा चलायमान बनाउनुपर्ने बताए ।

‘हामी काठमाडौं शाखा चलायमान भएको हेर्न चाहन्छौं । सबैभन्दा सक्रिय शाखाको रूपमा संगठित भएको हेर्न चाहन्छौं । तर अहिले निक्कै पातलो देखियो उपस्थिति । यसलाई बढाउन जरूरी छ,’ उनले भने ।

अध्यक्ष चौधरीले नेपालको पत्रकारितामा वि.सं. २००८ सालमा पत्रकार संघको स्थापना गरेर सत्यनाराणबहादुर श्रेष्ठले तदर्थ कमिटी बनाए पनि नेपाल पत्रकार महासंघले मान्यता नदिँदा आफ्नै सन्तानले हेला गरेको जस्तो महसुस भइरहेको बताए । ‘जसले पत्रकारिता र पत्रकार महासंघको जन्म दिए उसैलाई अहिले पहिचान मेटाएर साइड लगाउने काम भएको छ,’ उनले भने, ‘यसलाई फोनिजले आन्दोलनको रूपमा एजेण्डा राख्दै आएको छ । हामीले सत्य र न्यायको पक्षमा वकालत गर्नुपर्छ ।’

फोनिज काठमाडौंका अध्यक्ष भीम लामाले विधानले दिए पनि धेरै कुराहरू संघीय संरचनाका अवरोधका कारण काममा बाधा आइरहेको भन्दै फुकुवा गरिदिन अध्यक्षसमक्ष आग्रह गरे । ‘हामीले काम गर्न खोज्दा पनि विधान र फोनिज केन्द्रको दबाबमा गर्न सकेका छैनौं । अब तत्काल पहल गरिदिन हुन अनुरोध गर्दछु,’ उनले भने । कार्यक्रममा फोनिज काठमाडौंका सचिव रत्नकाजी महर्जनले सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष दिपा सुनुवारले आर्थिक प्रतिवेदन पेस गरेका थिए ।

# महाशिवरात्रिको तयारी: पशुपति क्षेत्रमा सफाइ

**काठमाडौं–** विश्व सम्पदा सूचीमा सूचीकृत विश्वभर फैलिएका वैदिक सनातन हिन्दू धर्मावलम्बीका आराध्यदेव पशुपतिनाथ विराजमान पवित्र पशुपति क्षेत्रमा महाशिवरात्रिको तयारीस्वरूप सफाइ गरिएको छ ।

बागमती सफाइ महाअभियानको ६६५औं हप्तामा महाशिवरात्रिको तयारीस्वरूप पशुपति क्षेत्रको सूर्यघाट, आर्यघाट, राममन्दिर क्षेत्रमा सफाइ गरिएको हो । सफाइबाट चार मेट्रिक टन फोहोर व्यवस्थापन गरिएको सफाइ अभियानकर्मी किशोरसिंह शाहीले जानकारी दिए । सफाइबाट उठेको नकुहिने फोहोर काठमाडौं महानगरपालिकाको गाडीबाट व्यवस्थापन गरिएको उनले बताए । भष्मेश्वरघाटबाट ड्यामसम्मको बागमती किनारमा बढी फोहोर देखिएकाले अधिकार सम्पन्न बागमती समितिले नै डोजर लगाएर सफाइ गर्ने सहमति भएको छ ।



शनिबारको सफाइमा पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव प्रकाशमणि शर्मा, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका आयोजना प्रमुख मचाकाजी महर्जनलगायत अभियानकर्मीको सक्रिय सहभागिता रहेको थियो । अर्को हप्ता शनिबार पनि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीसमेतको सहभागितामा पशुपति क्षेत्रमै सफाइ गरिने छ ।

२०७० जेठ ५ गतेदेखि सुरु भएको बागमती सफाइ महाअभियान प्रत्येक शनिबार निरन्तर चलिरहेको छ । भूकम्प, नाकाबन्दी, कोरोनाजस्ता प्रतिकूल अवस्थामा पनि बागमती सफाइ महाअभियान रोकिएन । चाडपर्व, जाडो, झरीजस्ता समयमा पनि प्रत्येक हप्ता शनिबार बिहान अभियानकर्मी बागमती नदीमा जम्मा भएर सफाइ गर्ने गरेका छन् । ‘देशका लागि हप्तामा दुई घण्टा स्वयंसेवा’ भन्ने नाराका साथ अभियानकर्मीहरू बागमती नदी किनारमा प्रत्येक हप्ता जम्मा भएर सफाइ गर्ने गरेका छन् । *रासस*

# राष्ट्रिय पर्यवेक्षक संस्थाहरूका लागि अभिमुखीकरण

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले राष्ट्रिय पर्यवेक्षक संस्थाहरूका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा पर्यवेक्षकले गर्न हुने र नहुने विषयमा जानकारी गराइएको थियो ।

सो अवसरमा आयोगका सहसचिव नारायणप्रसाद भट्टराईले ‘निर्वाचन पर्यवेक्षण: अवधारणा र नेपालको अभ्यास’, निर्वाचन व्यवस्थापन महाशाखा प्रमुख एवं सहसचिव राजेन्द्रकुमार केसीले ‘प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को व्यवस्थापन (मतदानस्थल, मतदान केन्द्र, मतगणना समेत) कार्यतालिका र कार्यक्रम’ विषयमा प्रस्तुति राखेका थिए ।

यसैगरी कानुन तथा दल व्यवस्थापन महाशाखा प्रमुख एवं सहसचिव यज्ञप्रसाद भट्टराईले ‘निर्वाचन आचारसंहिता, २०८२ सम्बन्धी जानकारी’ र सहसचिव ज्ञानहरि घिमिरेले ‘प्रतिनिधिसभासम्बन्धी संवैधानिक व्यवस्था, निर्वाचन प्रणाली’ विषयमा प्रस्तुति गरी निर्वाचनमा पर्यवेक्षण गर्ने ३७ वटा राष्ट्रिय संस्थाका प्रमुख एवं प्रतिनिधिलाई पर्यवेक्षकले गर्नुपर्ने कामका बारेमा जानकारी गराएका थिए ।

कार्यक्रममा आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारी, आयुक्तद्वय डा. जानकीकुमारी तुलाधर र सगुनशमशेर जबरा, सचिव कृष्णबहादुर राउतलगायतले पर्यवेक्षकले नेपालको संविधान, निर्वाचन कानुनका बारेमा बुझेको हुनुपर्नेमा जोड दिएका थिए । पर्यवेक्षकले मतदानअघि, मतदानको समय र मतदानपछि मतगणनाका समयका गरी तीनवटै समयका गतिविधिका बारेमा पर्यवेक्षण गरेर आयोगलाई प्रतिवेदन बुझाउनुपर्नेमा उनीहरूले जोड दिएका थिए ।

निर्वाचन पर्यवेक्षकले पनि निर्वाचन आचारसंहिता, २०८२ भित्र रहेर काम गर्नुपर्ने, पर्यवेक्षकले सवारी पासको दुरूपयोग गर्न नहुने, कुनै दलको पक्ष वा विपक्षमा लाग्न नहुने, मतदानस्थलमा अनावश्यक प्रश्न गरेर मतदान प्रक्रियामा खटिएका कर्मचारीको काममा व्यावधान गर्नु नहुनेलगायत विषयमा पनि अभिमुखीकरण कार्यक्रममा जानकारी गराइएको थियो । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा ३७ राष्ट्रिय संस्था र तीन अन्तर्राष्ट्रिय पर्यवेक्षक संस्थाले पर्यवेक्षणका लागि अनुमति लिएको आयोगले जानकारी दिएको छ ।

# निर्वाचनमा ड्रोन प्रयोग गर्न नपाइने

**काठमाडौं (प्रस)–** सरकारले आसन्न निर्वाचनमा ड्रोनको प्रयोगमा प्रतिबन्ध लगाएको छ । गृह मन्त्रालयका प्रवक्ता एवं सहसचिव आनन्द काफ्लेले आगामी फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा ड्रोनको प्रयोगमा प्रतिबन्ध लगाउने निर्णय केन्द्रीय सुरक्षा समितिले गरिसकेको जानकारी दिए ।

उनले अहिले सामाजिक सञ्जालको दुरूपयोग बढ्दो क्रममा रहेकाले त्यसलाई रोक्न नेपाल प्रहरीले सञ्चालनमा ल्याएको अध्याधुनिक युनिटलाई थप प्रभावकारी बनाउने पनि जानकारी दिए । निर्वाचन आचारसंहिताको उल्लंघन हुनेगरी मिथ्या/भ्रमपूर्ण सूचना र घृणास्पद अभिव्यक्ति दिने व्यक्तिको निगरानीमा पनि टोलीले काम गरिरहेको उनको भनाइ छ ।

निर्वाचन विरोधी गतिविधि गर्नेलाई कानुनी दायरामा ल्याउन सुरक्षा संयन्त्रले चुस्त निगरानी गरिरहेको जनाउँदै प्रवक्ता काफ्लेले निर्वाचन प्रहरीको बिमाका साथै सञ्चार सम्पर्क नहुने मतदानस्थलको पहिचान गरी उचित प्रबन्ध मिलाउने तयारी भइरहेको बताए । उनले गृह मन्त्रालयले सबै सुरक्षा संयन्त्र र प्रशासनिक निकायलाई निर्वाचनको सुरक्षामा कुनै कमीकमजोरी नगर्न र चुस्त व्यवस्थापनमा लाग्न निर्देशन दिइसकेको बताए ।

गृहमन्त्री ओमप्रकाश अर्यालले एकीकृत निर्वाचन सुरक्षा योजना-२०८२ बमोजिम जिम्मेवार निकायले सम्पादन गरिरहेका कार्य, जनशक्ति परिचालन तथा बन्दोबस्तीको योजनाबारे समीक्षा गरेर प्रभावकारी व्यवस्था गर्न आवश्यक निर्देशन दिएको पनि प्रवक्ता काफ्लेले बताए । मन्त्रालयले सामाजिक सञ्जालको प्रयोगमा ध्यान दिन अनुरोध गर्दै मित्थ्या र भ्रमपूर्ण र कसैलाई लाञ्छना लगाउने जस्ता सूचना नराख्न अनुरोध गर्दै त्यस्ता गतिविधि गरेमा कारबाही हुने जानकारी गराएको छ ।


**Bagmati Provincial Government**
**Ministry of Health**
**Health Directorate**

## Bajrabarahi Chapagaun Hospital

**Bajrabarahi, Chapagaun**

**INVITATION FOR ELECTRONIC BIDS**

First Date of Publication: 8 Feb 2026

Bajrabarahi Chapagaun Hospital invites electronic bids from all eligible bidders for the procurement of the following goods under NCB procedures.

| S. N. | Tender No. | Name of Procurement | Cost of Bid Document | Bid Security Period | Bid Security Amount(Nrs.) | Last date/time od bid Submission | Last date of bid opening |
|---|---|---|---|---|---|---|---|
| 1. | BCH/NCB/ GOODS/MS/ 01/082/83 | The Procurement of General Medicine for Hospital Pharmacy | 3,000 | 120 DAYS | 2,33,125 | At 12:00 PM on 2026/03/10 | At 2:00 PM on 2026/03/10 |
| 2. | BCH/NCB/ GOODS/SG/ 02/082/83 | The Procurement of Surgical Items for Hospital Pharmacy | 3,000 | 120 DAYS | 52,515 | At 12:00 PM on 2026/03/10 | At 2:00 PM on 2026/03/10 |
| 3. | BCH/NCB/ GOODS/LR/ 03/082/83 | The Procurement, Supply and Delivery of Laboratory Reagents & Diagnostic Kit (EX-D JOKOH Na/k Analyzer) | 3,000 | 120 DAYS | 9,185 | At 12:00 PM on 2026/03/10 | At 2:00 PM on 2026/03/10 |
| 4. | BCH/NCB/ GOODS/LR/ 04/082/83 | The Procurement, Supply and Delivery of Laboratory Reagents & Diagnostic Kit (AGAPPE Mispa CXL Pro Plus FULLY BIOCHEMISTRY ANALYZER) | 3,000 | 120 DAYS | 71,475 | At 12:00 PM on 2026/03/10 | At 2:00 PM on 2026/03/10 |
| 5. | BCH/NCB/ GOODS/LR/ 05/082/83 | The Procurement, Supply and Delivery of Laboratory Reagents & Diagnostic Kit (BEACON BONAVERA COULTER COUNTER (3 PART)) | 3,000 | 120 DAYS | 3,950 | At 12:00 PM on 2026/03/10 | At 2:00 PM on 2026/03/10 |
| 6. | BCH/NCB/ GOODS/LR/ 06/082/83 | The Procurement, Supply and Delivery of Laboratory Reagents & Diagnostic Kit (HEMAX530AL AUTOMATED HEMATOLOGY ANALYZER) | 3,000 | 120 DAYS | 14,620 | At 12:00 PM on 2026/03/10 | At 2:00 PM on 2026/03/10 |
| 7. | BCH/NCB/ GOODS/LR/ 07/082/83 | The Procurement, Supply and Delivery of Laboratory Reagents & Diagnostic Kit (FINECARE III PLUS Fluorescence Immunoassay (FIA) ) | 3,000 | 120 DAYS | 23,640 | At 12:00 PM on 2026/03/10 | At 2:00 PM on 2026/03/10 |
| 8. | BCH/NCB/ GOODS/LR/ 08/082/83 | The Procurement, Supply and Delivery of Laboratory Reagents & Diagnostic Kit (YHLO iFlash 1200 CLIA) | 3,000 | 120 DAYS | 1,08,670 | At 12:00 PM on 2026/03/10 | At 2:00 PM on 2026/03/10 |
| 9 | BCH/NCB/ GOODS/LR/ 09/082/83 | The Procurement, Supply and Delivery of Laboratory Reagents & Diagnostic Kit | 3,000 | 120 DAYS | 25,655 | At 12:00 PM on 2026/03/10 | At 2:00 PM on 2026/03/10 |

Note: Elegible bidders may obtain further information by visiting PPMO’s website:www.bolpatra.gov.np/egp

**Medical Superintendent**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### शुभकामना नेपाली क्रिकेट टोलीलाई

नेपाललाई विश्वमाझ चिनाउने र विश्वभर छरिएर रहेका नेपालीलाई जोड्ने माध्यम बनेको क्रिकेट । अन्य खेलमा कमजोर नेपालले एकमात्र क्रिकेटबाट लगातार सफताको खुड्किलो उक्लिरहेको छ । नेपाल र नेपालीलाई गौरवान्वित बनाइरहेको नेपाली क्रिकेट टोलीले आज अर्को ऐतिहासिक यात्रा सुरु गर्दै छ। भारत र श्रीलंकामा शनिबारबट सुरु भएको आइसिसी पुरुष टि–ट्वान्टी विश्वकप–२०२६ मा नेपालले आज पहिलो खेल खेल्दै छ । यो खेलले नेपालीहरूको मात्रै नभई विश्वभरका क्रिकेटप्रेमीहरूको ध्यान आकार्षित गरेको छ ।

प्रतियोगिताअन्तर्गत आफ्नो पहिलो खेलमा आज नेपालले बलियो प्रतिस्पर्धीसँग खेल्दै छ । 'टेस्ट म्याच'मा स्थापित इंग्ल्याण्डसँगको पहिलो खेल नेपालका लागि निकै नै महत्त्वपूर्ण हुने निश्चित छ । यो खेलमा जितका लागि खेलाडीहरू निकै उत्साहित देखिन्छन् । मुम्बईस्थित वानखेडे रंगशालामा हुने खेलमा पक्कै पनि यो उत्साहको सुखद नतिजा देखिने छ । विश्वभरबाट नेपालीहरूले हाम्रा खेलाडीहरूलाई थप उत्साह जगाउनुपर्ने छ । भारतमा रहेका नेपालीहरूका साथै नेपालबाट पनि क्रिकेटप्रेमीहरू पक्कै वानखेडे रंगशालामा पुग्ने छन्, खेलाडीहरूलाई हौसला प्रदान गर्न । आशा गरौं इंग्ल्याण्डविरुद्ध नेपालले चमत्कार गर्ने छ ।

विश्वकपमा नेपालको यो तेस्रोपटक सहभागिता हो । त्यसैले विगतको भन्दा अझ उत्कृष्ट नतिजा हासिल गर्ने अपेक्षा गर्न सकिन्छ । यद्यपि, चुनौती सहज छैन नेपालका लागि । समूह 'सी' मा इंग्ल्याण्डसँगको प्रतिस्पर्धाबाट जस्तोसुकै नतिजा आए पनि नेपालको प्रदर्शन पक्कै उत्कृष्ट रहने छ । कठिन यात्रा पार गर्दै विश्वकपमा स्थान बनाएको नेपालले लिग चरण पार गर्दै सुपर आठमा पुग्ने लक्ष्य राखेको छ । यसका लागि इंग्ल्याण्डसँगै वेस्ट इण्डिज, स्कटल्याण्ड र इटालीसँगको खेलमा उत्कृष्ट नतिजा ल्याउन आवश्यक छ । नेपालले माघ २९ गते इटालीसँग, फागुन ३ गते वेस्ट इण्डिजसँग र फागुन ५ गते स्कटल्याण्डसँग चौथो खेल खेल्ने छ ।

विश्वकप यस्तो प्लेटफर्म हो, जहाँ विश्वकै उत्कृष्ट टिमहरूबीच प्रतिस्पर्धा हुन्छ । ती टिमहरूमध्येमा नेपाल पनि एक हुनु नै गर्वको कुरा हो । नेपाली क्रिकेट टोलीमा हाल कायम आत्मविश्वास, दृढता र अनुशासन नै सबैभन्दा बलियो पक्ष हो । त्यसलाई निरन्तरता दिँदै खेलाडीहरूले थप मिहेनत गरेमा सफलता निश्चित हुने छ । राष्ट्रलाई नै गौरवान्वित बनाउने क्रिकेट टोलीलाई सफलताका लागि हार्दिक शुकामना ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

# विश्वकप क्रिकेटमा सुखद यात्राको अपेक्षा



❑ राजु सिलवाल

> "सीमित स्रोत तथा चुनौतीको सामना गर्दै आज विश्वकपजस्तो उच्च प्रतियोगितामा सहभागी हुने अवस्थामा पुगेको नेपाली टोलीले आत्मविश्वास, अनुशासन र सामूहिक प्रयासका साथ मैदानमा उत्रिँदा जे परिणाम आए पनि त्यसले नेपाली क्रिकेटको यात्रालाई नयाँ उचाईमा लैजाने विश्वास गर्न सकिन्छ । उच्च मनोबलका साथै नेपाली दर्शकहरूको अपार समर्थनबाट नेपाली टिमले आफू कमजोर होइन भन्ने प्रमाण प्रस्तुत गर्ने अपेक्षा गरिएको छ । यही विश्वकप नेपाली क्रिकेटको भविष्य निर्माणका लागि महत्त्वपूर्ण चरण बन्न सक्ने कुरामा आशावादी हुन सकिन्छ ।

बहुप्रतिक्षित इन्टरनेसनल क्रिकेट काउन्सिल (आइसिसी) पुरुष टि-ट्वान्टी विश्वकप २०२६ ले अबको एक महिना नेपालको साथै विश्वभरकै क्रिकेटप्रेमीहरूको ध्यान आकर्षित गर्दै छ । यही माघ २४ गतेदेखि आगामी फागुन २४ गतेसम्म भारत र श्रीलंकामा संयुक्तरूपमा आयोजना हुने यस प्रतियोगितामा उदाउँदो क्रिकेट मुलुकको रूपमा परिचित नेपाली राष्ट्रिय क्रिकेट टिमले उच्च मनोबलका साथ तेस्रोपटक सहभागिता जनाउँदै छ । विभिन्न प्रतियोगिता तथा मैत्रीपूर्ण खेलका साथै प्रशिक्षणपछि 'वार्मअप म्याच'बाट निखारिएका नेपाली खेलाडीहरू विगतको भन्दा अझ उत्कृष्ट नतिजा हासिल गर्दै मुलुकको छवि उच्च बनाउने लक्ष्यका साथ मुम्बईको क्रिकेट मैदानमा उत्रदै छन् ।

विश्वकप क्रिकेटअन्तर्गत नेपालले पहिलो खेल नै क्रिकेटको जन्मदाता इंल्याण्डसँग खेल्न पाउनु सुखद संयोग मानिएको छ । भारतको मुम्बईस्थित वानखेडे रंगशालामा आज माघ २५ गते आइतबार 'सी' समूहमा रहेको इंग्ल्याण्डसँग प्रतिस्पर्धा हुँदै छ । विश्व क्रिकेट जगतमा भर्खरै आफ्नो पहिचान बनाइरहेको नेपालले 'टेस्ट म्याच'मा स्थापित इंग्ल्याण्डजस्तो पुरानो टिमलाई पनि पराजित गरेर नेपालले आफ्नो उपस्थितिलाई बलियो बनाउने आशा गरिएको छ ।

नेपालले क्रिकेटको संघर्षपूर्ण यात्राका क्रममा विभिन्न कठिन अवरोध पार गर्दै विश्वकपको तेस्रो संस्करणसम्म आइपुगेको हो । नेपालले सन् २०२५ मा आइसिसीको पूर्णसदस्य वेस्टइण्डिजविरुद्धको टि-ट्वान्टी क्रिकेट शृंखला जित्नु सानो उपलब्धि थिएन । नेपालले सन् २०२५ मा नै सामोवा, ओमान, कतार, संयुक्त अरब इमिरेट्स र जापानलाई हराउँदै विश्वकपको ढोका पुनः खोल्न सफल भएको थियो । विश्वकपका लागि नेपाली टोलीको घोषणापछि टोली प्रतियोगिताको सहआयोजक श्रीलंकामा अभ्यास प्रतियोगिता खेल्न कोलम्बो गएको थियो । विश्वकपको पूर्वसन्ध्यामा नेपालले भारतमा पनि विभिन्न अभ्यास म्याच खेलेको छ र युएईसँगको अभ्यास म्याचमा नेपालले जित हासिल गरेर सशक्त उपस्थिति जनाएको छ । वर्षैभरिको व्यस्तता रहेको नेपाली टिम अब भने विशेष नतिजा हासिल गरेर मुलुकलाई नै गौरवान्वित बनाउन प्रतिस्पर्धाको पर्खाइमा रहेको छ ।

इंग्ल्याण्ड तुलनात्मकरूपमा नेपालभन्दा बलियो टिम हो । इंग्ल्याण्ड पुरुषहरूको टि-ट्वान्टी विश्व वरीयतामा तेस्रो नम्बरमा रहेको छ । नेपाल भने वरीयता क्रममा एक स्थान सुधार गर्दै १६औं स्थानमा उक्लेको छ। हचारी ब्रुकको नेतृत्वमा रहेको इंग्ल्याण्डको टिममा जस बटलर, जोफ्रा आर्चर, साम कुरान, आदिल रसिदजस्ता प्रमुख खेलाडीहरू रहेका छन् । नेपाल रहेको समूह 'सी' मा इंग्ल्याण्डका साथै वेस्ट इण्डिज, स्कटल्याण्ड र इटाली छन् । नेपालका लागि वेस्ट इण्डिज र स्कटल्याण्डविरुद्धको खेल पनि चुनौतीपूर्ण हुने अनुमान गरिएको छ तर नवप्रवेशी इटलीसँगको खेल भने नेपालका लागि सहज अपेक्षा गरिएता पनि 'वार्मअप म्याच'मा इटालीले क्यानडालाई हराएको समाचारले इटाली पनि राम्रै तयारीका साथ विश्वकपमा आएको मान्न सकिन्छ । नेपालले माघ २९ गते इटालीसँग लिग चरणको दोस्रो खेल खेल्दै छ। यस्तै नेपालले फागुन ३ गते वेस्ट इण्डिजसँग तेस्रो खेल तथा फागुन ५ गते स्कटल्याण्डसँग चौथो खेल खेल्ने कार्यक्रम रहेको छ ।

यसपालिको आइसिसी पुरुष टि-ट्वान्टी विश्वकप यो प्रतियोगिताको १०औं संस्करण हो । भारतले साविकको विजेताको रूपमा प्रतियोगितामा प्रवेश पाएको हो । प्रतियोगितामा सहभागी रहेका २० टिमलाई चार समूहमा विभाजन गरिएको छ । प्रत्येक समूहबाट शीर्ष दुई टोलीमात्र सुपर आठमा पुग्ने हुँदा समूह चरण अत्यधिक प्रतिस्पर्धात्मक हुने अपेक्षा गरिएको छ । नेपाल टिम पनि यसपालि सुपर आठमा पुग्ने प्रयत्नमा रहेको छ । विश्वकप प्रतियोगिताको सिलसिलामा कूल ५५ म्याच हुने छन् ।

नेपाल प्रतिस्पर्धा जितेर टि-ट्वान्टी विश्वकपमा छनोट हुनु भनेको क्रिकेटखेल्ने मुलुकहरूको पंक्तिमा नेपाल पनि स्थापित हुँदै जानु हो । ओमानमा विश्वकपका लागि एसिया र पूर्वी एसिया प्रशान्त क्षेत्रीय छनोटमा शीर्ष तीन टोलीमध्ये एक हुन सफल भएपछि विश्वकपमा नेपालको सहभागिता सुनिश्चित भएको थियो । सुपर सिक्स चरणमा ओमानविरुद्ध जित हासिल गरेर नेपालले आफ्नो स्थितिलाई बलियो बनाएको थियो । छनोटभरि अपराजित हुनु नेपालको सफलता थियो । नेपाली टिम चार खेलबाट आठ अंकसहित सुपर सिक्स अंक तालिकाको शीर्ष स्थानमा पुग्न सफल भएको थियो । लगातार टि-ट्वान्टी विश्वकपका लागि प्रतिस्पर्धाद्वारा छनोट हुनु नेपाल क्रिकेटको विकासको सन्दर्भमा कोसेढुंगा मानिएको छ । यस प्रकारको सफलताको श्रेय खेलाडी तथा प्रशिक्षकहरूको समर्पणका साथै स्वदेश तथा विदेशमा रहेका प्रशंसकहरूको अटल समर्थनलाई मानिएको छ ।

## नेपालको ऐतिहासिक प्रवेश

नेपालले बंगलादेशमा सन् २०१४ मा भएको आइसिसी टि-ट्वान्टी विश्वकपमा पहिलोपटककै सहभागितामा ऐतिहासिक प्रदर्शन गरेको थियो । त्यतिखेर पहिलो चरणमा समूहमा 'ए' मा परेको नेपाली टिमले खेलेका तीन खेलमध्ये दुई वटामा विजय हासिल गरेर विश्व क्रिकेट जगतमा बलियो उपस्थिति जनाएको थियो । त्यतिखेर नेपालले एक खेलमामात्र हारेको थियो ।

नेपालले पहिलो खेलमै हङकङलाई ८० रनको विशाल अन्तरले पराजित गरेको थियो । नेपालले हङकङलाई ६९ रनमा सीमित गरेको थियो । सो खेलमा नेपालका लागि ज्ञानेन्द्र मल्लले ४८ रन तथा तत्कालीन कप्तान पारस खडकाले ४१ रनको योगदान दिएका थिए । त्यस खेलमा अलराउण्ड प्रदर्शन गरेका नेपाली टिमका तत्कालीन कप्तान पारस खडकालाई 'प्लेयर अफ दि म्याच'समेत घोषित गरिएको थियो ।

## टेस्ट खेल्ने मुलुक पराजित

सन् २०१४ को विश्वकपकै सिलसिलामा नेपालले पहिलोपटक टेस्ट म्याच खेलिरहेको राष्ट्र अफगानिस्तानलाई नौ रनले हराएको थियो । त्यसबखत नेपालले अफगानिस्तान जस्तो बलियो टोलीलाई हराउनु ठूलो उपलब्धि मानिएको थियो । तेस्रो खेलमा भने नेपाल बंगलादेशसँग आठ विकेटले पराजित भएको थियो । समूह 'ए' मा रहेका नेपाल र बंगलादेश दुवैले दुई-दुई खेल जिते पनि नेपालको नेट रनरेट कम भएपछि अघिल्लो चरणमा पुग्न असफल भएको थियो । विश्वकपमा पहिलो सहभागितामै दुई खेलमा विजय हासिल गरेर नेपाल विश्वमा क्रिकेटको सम्भावना भएको मुलुक भन्ने प्रमाणित गर्न सफल भएको थियो । यस विश्वकपले नेपालमा क्रिकेटप्रतिको उत्साहलाई नयाँ उचाईमा लैजान महत्त्वपूर्ण योगदान गरेको थियो ।

## दोस्रो पटकको विश्वकप यात्रा

नेपालले एसिया क्वालिफायरबाट संयुक्त अरब इमिरेट्स (युएई)लाई हराउँदै दोस्रोपटक टि-ट्वान्टी विश्वकपमा छनोट भएको थियो । नेपालले दोस्रोपटक सन् २०२४ मा विश्वकपमा प्रवेश पाउन १० वर्षको कठिन संघर्ष गर्न परेको थियो । अमेरिका र वेस्ट इण्डिजमा संयुक्त आयोजनामा भएको यो प्रतियोगितामा २० टोलीले भाग लिएका थिए । त्यतिखेर नेपालले समूह 'डी' मा रहेर नेदरल्याण्ड्स, बंगलादेश, श्रीलंका र दक्षिण अफ्रिकाको सामना गरेको थियो । दुर्भाग्य, आफूभन्दा माथि वरीयतामा रहेका ती प्रतिद्वन्द्वीहरूसँग नेपालले एक खेल पनि जित्न सकेन ।

नेपाल तथा दक्षिण अफ्रिकाको खेल भने निक्कै प्रतिस्पर्धात्मक थियो । यो खेलमा नेपाल एक रनको झिनो अन्तरले मात्र पराजित हुनुलाई नेपालको राम्रो खेल प्रदर्शन मानिएको थियो । प्रतियोगितामा नेपालका केही खेलाडीहरूको व्यक्तिगत प्रदर्शन प्रशंसनीय रहेको थियो । नेपाल नेदरल्याण्डससँग छ विकेटले तथा बंगलादेशसँग २१ रनले पराजित हुन पुगेको थियो ।

## सोमपालको ह्याट्रिक

नेपाली क्रिकेटर सोमपाल कामी विश्वकप तीनपटक खेल्ने पहिलो नेपाली खेलाडी हुन् । सन् २०१४ मा पहिलोपटक नेपाल विश्वकपमा प्रवेश गर्दा उनी १८ वर्षका थिए । नेपाललाई १० वर्षपछि सन् २०२४ मा पुनः विश्वकपमा फर्काउन उनको ठूलो योगदान रहेको थियो । नेपाली टोलीका वरिष्ठ सदस्य सोमपालले यसपालि पनि नेपाललाई उत्कृष्ट नतिजा दिलाउन योगदान दिने अपेक्षा गरिएको छ । नेपाल प्रिमियर लिगमा उत्कृष्ट प्रदर्शन गरेका अफस्पिनर शेर मल्ल र अलराउण्डर बसिर अहमद पहिलोपटक राष्ट्रिय टोलीबाट विश्वकप खेल्दै छन् ।

## उच्च मनोबलका साथ सन्दिप

केही अघि बंगलादेशमा सम्पन्न बंगलादेश प्रिमियर लिग (बिपिएल) मा उपाधि जितेको राजशाही वारियर्स टिमकातर्फबाट खेलेपछि नेपालका लेग स्पिनर सन्दिप लामिछाने उच्च मनोबलका साथ विश्वकपमा सहभागी हुन भारत पुगिसकेका छन् । उनले यसपालि बिपिएलमा चार खेलमा कूल पाँच विकेट हात पारेका थिए । उनले सन् २०१८ मा भारतको इण्डियन प्रिमियर लिग (आइपिएल)मा दिल्ली क्यापिटल्सको तर्फबाट खेलेका थिए । उनी आइपिएलमा खेल्ने पहिलो नेपाली खेलाडी हुन्। उनले अस्ट्रेलियाको बिगबास लिग (बिबिएल), क्यारेबियन प्रिमियर लिग (सिपिएल) तथा पाकिस्तान सुपर लिग (पिएसएल) मा पनि व्यावसायिक खेलाडीका रूपमा खेल्ने मौका पाएर अनुभव हासिल गरिसकेका छन् र उनीबाट नेपाली टिमले धेरै आशा गरेको छ ।

## अत्यधिक टिकट बिक्री

भारतको मुम्बईमा नेपालले खेल्ने चारवटै खेलको अत्यधिक टिकट बिक्री हुनु सुखद संयोग मान्न सकिन्छ। प्रतियोगिता सुरु हुनु केही दिनअघि नै यसरी नेपाली टिमप्रति दर्शकहरूको विशेष आकर्षण भएपछि खेलको रौनक अझ बढ्न जाने निश्चित छ। नेपालका चार वटै प्रारम्भिक खेलहरू मुम्बईस्थित वानखेडे रंगशालामा सञ्चालन गरिँदै छ । वानखेडे रंगशालामा विगतमा विभिन्न महत्त्वपूर्ण अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताहरू आयोजना भइसकेका छन् । पछिल्लोपटक सन् २०२३ को विश्वकप क्रिकेटका खेलहरू यो रंगशालामा भएका थिए। सन् २०११ मा भारत विश्वकप विजेता बन्दा यही रंगशालामा फाइनल खेल भएको थियो । अत्याधुनिक सुविधा सम्पन्न यो रंगशालाको दर्शक क्षमता करिब ३९ हजार रहेको छ। भारतको मुम्बईका साथै भारतका अन्य स्थानमा बसोबास गर्ने खेलप्रेमी नेपालीको संख्या धेरै भएकाले यसपटक नेपालका खेलहरू हेर्न ठूलो संख्यामा नेपालीहरू भेला हुने अनुमान गरिएको छ । नेपालबाट धेरै क्रिकेटप्रेमीहरू यस रंगशालामै गएर प्रत्यक्षरूपमा म्याच हेर्न जाँदै छन् । नेपालका ट्राभल एजेन्सीहरूले विश्वकप हेर्नका लागि मुम्बई जान विशेष प्याकेजको व्यवस्था गरेका छन् ।

विश्वकपका प्रतियोगिता सञ्चालनका लागि भारतका पाँच र श्रीलंकाका तीन स्थान छनोट गरिएका छन् । तर राजनीतिक तनाव तथा यात्रा प्रतिबन्धका कारण पाकिस्तानले सबै खेलहरू श्रीलंकामा मात्र खेल्ने छ भने बंगलादेश सुरक्षाको कारण देखाउँदै भारत नआउँदा खेलप्रेमीहरूमा निराशा छाएको छ । प्रतियोगिताको फाइनल भारतको अहमदाबादस्थित नरेन्द्र मोदी रंगशालामा खेलाइने कार्यक्रम रहेको छ । तर यदि पाकिस्तान फाइनलमा पुगेमा उक्त खेल कोलम्बोमा हुने छ ।

## इटालीसँग पहिलो भेट

नेपाल र इटालीले हालसम्म कुनै पनि आधिकारिक टि-ट्वान्टी अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेका छैनन् । नेपाल र इटालीबीच पहिलोपटक हुने खेल दुवै मुलुकका लागि नौलो हुने छ। इटाली पहिलोपटक विश्वकप खेल्दै छ। इटालीको यो प्रयास युरोपेली क्रिकेटका लागि उपलब्धिमूलक मानिएको छ । इटाली हाल विश्व वरीयतामा २७औं स्थानमा रहेको छ ।

## वेस्ट इण्डिजलाई पराजित गरेको रेकर्ड

नेपालले टि-ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेटमा आइसिसीको पूर्णसदस्य रहेको वेस्ट इण्डिजजस्तो शक्तिशाली टिमलाई दुईपटक पराजित गरिसकेको छ। यस्तो ऐतिहासिक जित सन् २०२५ को सेप्टेम्बरमा शारजहाँमा भएको तीन खेलको शृंखलाको क्रममा भएको थियो। नेपालले उक्त शृंखलामा २-१ ले जित हासिल गरेको थियो । टि-ट्वान्टी विश्व वरीयतामा वेस्ट इण्डिज सातौं स्थानमा रहेको छ ।

## १२ वर्षपछिको बदला

नेपाल र स्कटल्याण्डबीच पहिलोपटक सन् २०१३ मा टि-ट्वान्टी क्रिकेट प्रतिस्पर्धा हुँदा नेपाल आठ विकेटले पराजित भएको थियो । तर १२ वर्षपछि सन् २०२५ को जुन १७ तारिखमा स्कटल्याण्डको टिटबुड क्रिकेट मैदानमा भएको टि-ट्वान्टी अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपालले विगतको हारको बदला लिँदै स्कटल्याण्डलाई दुई विकेटले हराउन सफल भएको थियो । त्यसयता दुई टिमबीच अन्य प्रतियोगितामा भने धेरै पटक भेट भइसकेको छ ।

यसपटकको विश्वकपमा सहभागी हुने मुलुकहरूमध्ये स्कटल्याण्डलाई भाग्यमानी मानिएको छ। विश्व वरीयतामा १४औं स्थानमा रहेको स्कटल्याण्डको विश्वकपमा सहभागिता अन्तिम समयमा आएर मात्र निश्चित गरिएको थियो । बंगलादेश क्रिकेट बोर्डले भारतमा असुरक्षाको कारण जनाउँदै आफ्ना खेलहरू श्रीलंकामा सार्न चाहे पनि आइसिसीले त्यो प्रस्ताव अस्वीकृत गरेको थियो । समूह 'सी' मा रहेको बंगलादेशको सट्टा स्कटल्याण्डलाई समावेश गरिएको थियो । विश्वकपका लागि भएको प्रतिस्पर्धामा छनोट हुन नसके पनि वरीयतामा सबैभन्दा उच्च स्थानमा भएको आधारमा स्कटल्याण्डलाई अन्तिम समयमा समावेश गरिएको हो ।

विश्वकपमा नेपालले सामना गर्नुपर्ने चुनौती त्यति सहज हुने छैनन् तर पछिल्ला वर्षहरूमा नेपालले क्रिकेटका लागि निरन्तर गर्दै आएको प्रयास तथा हासिल भएका सकारात्मक परिणामले नेपाली टिमप्रति आशावादी हुन सक्ने अवस्था भने रहेको छ । विश्वकपजस्ता प्रतिष्ठित प्रतियोगिता नेपालजस्तो राष्ट्रका लागि प्रतिस्पर्धामात्र नभई सम्भावनाको अवसर पनि भएको मान्न सकिन्छ ।

सीमित स्रोत तथा चुनौतीको सामना गर्दै आज विश्वकपजस्तो उच्च प्रतियोगितामा सहभागी हुने अवस्थामा पुगेको नेपाली टोलीले आत्मविश्वास, अनुशासन र सामूहिक प्रयासका साथ मैदानमा उत्रिँदा जे परिणाम आए पनि त्यसले नेपाली क्रिकेटको यात्रालाई नयाँ उचाईमा लैजाने विश्वास गर्न सकिन्छ । उच्च मनोबलका साथै नेपाली दर्शकहरूको अपार समर्थनबाट नेपाली टिमले आफू कमजोर होइन भन्ने प्रमाण प्रस्तुत गर्ने अपेक्षा गरिएको छ । यही विश्वकप नेपाली क्रिकेटको भविष्य निर्माणका लागि महत्त्वपूर्ण चरण बन्न सक्ने कुरामा आशावादी हुन सकिन्छ । *रासस*



# पहाडी जिल्लाका उम्मेदवारहरू मतदाता फकाउन तराईका जिल्लामा

■ भरत केसी

**लुम्बिनी–** आसन्न फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनको चहलपहल बढ्दै जाँदा लुम्बिनी प्रदेशका पहाडी जिल्लाका उम्मेदवार मतदाता फकाउन तराईका जिल्ला झर्न थालेका छन् ।

लुम्बिनी प्रदेशका पहाडी जिल्लाका गुल्मी, पाल्पा, अर्घाखाँची र प्युठानका उम्मेदवार मतदातासँग भेटघाट र आफ्नो पक्षमा मतदाता फकाउन तराईका जिल्ला रूपन्देही र कपिलवस्तु केन्द्रित हुन थालेका छन् । उनीहरूले तराईका जिल्लामा आ-आफ्ना पार्टीका भेला, बैठक र मतदातासँग प्रत्यक्ष भेटेरै मतदाता रिझाउने कार्यक्रम थालेका छन् ।

प्रदेशका १२ जिल्लामध्ये एउटा हिमाली जिल्ला पूर्वी रुकुम र अन्य पाँच पहाडी जिल्ला पर्दछन् । पहाडी जिल्लाका धेरै मतदाता बसाइँ सरेर रूपन्देही, कपिलवस्तु र काठमाडौंलगायत जिल्लामा आएका छन् । तर उनीहरूले मतदाता नामावली भने स्थानान्तरण नगरिसकेकाले निर्वाचनका समयमा उम्मेदवार मत माग्न यी जिल्लामा पुग्ने गरेका छन् ।

गुल्मी क्षेत्र नम्बर १ बाट नेकपा एमालेका उम्मेदवार प्रदीपकुमार ज्ञवाली, नेपाली कांग्रेसका उम्मेदवार चन्द्र भण्डारी, राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार सागर ढकाल र नेपाली कम्युनिस्ट पार्टीबाट सुदर्शन बराललगायत १० राजनीतिक दलहरूसँगै ११ जना स्वतन्त्र उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । यस क्षेत्रमा एक लाख २२ हजार १८६ मतदाता रहेका छन् । उम्मेदवारहरूले बुटवल र भैरहवामा कार्यकर्ता भेला तथा बैठक गरेर फागुन २१ को निर्वाचनमा मतदान गर्न जिल्ला फर्कन आह्वान गरेका छन् ।

नेकपा एमालेको तर्फबाट यस क्षेत्रमा उम्मेदवार बनेका ज्ञवालीले विगतका निर्वाचनको तथ्यांकलाई हेर्दा रूपन्देही, नवलपरासी र कपिलवस्तुलगायत क्षेत्रमा गुल्मी जिल्लाका झण्डै १० हजारको संख्यामा मतदाता रहेको अनुमान गर्छन् । उनले जिल्लाबाहिरका मतदातालाई निर्वाचनमा मतदानका लागि आउने वातावरण बनाउन अन्य जिल्लामा पुगेर भेटघाट, भेला, छलफलजस्ता कार्यक्रमलाई प्राथमिकता दिइएको बताए ।

यसअघिका स्थानीय तह निर्वाचन र संघीय तथा प्रादेशिक निर्वाचनमा यसरी नै उम्मेदवारहरूले बेजिल्लामा रहेका मतदातालाई भेटेर मत माग्ने कार्यलाई अहिले निरन्तरता दिएका छन् । तर यस वर्ष जेनजी आन्दोलनपछिको विशेष परिस्थितिमा फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनको घोषणा हुँदा उम्मेदवारलाई मतदाता खोज्न सकस परेको हो ।

नेपाली कांग्रेस गुल्मी क्षेत्र नम्बर १ का उम्मेदवार भण्डारी २०७९ को निर्वाचनमा एमालेका नेता प्रदीपकुमार ज्ञवालीलाई पराजित गरेर निर्वाचित भएका थिए । उक्त निर्वाचनमा रूपन्देही जिल्लाबाट मात्र आफूले चार हजार ५०० मतदाता मतदानका लागि गुल्मी पुर्‍याएको उनी बताउँछन् । यसपटक बुटवलमा एकपटक भेला गरी सकेको र यसलाई निरन्तरता दिने उनी बताउँछन् ।

जिल्लाको क्षेत्र नम्बर २ मा १० दल र १२ जना स्वतन्त्र उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । यस क्षेत्रबाट एमालेका उपाध्यक्ष एवं पूर्वमन्त्री गोकर्ण विष्ट, नेपाली कांग्रेसका लुम्बिनी प्रदेश उपसभापति भुवन श्रेष्ठ, नेकपाका श्रीराम महत र रास्वपाबाट गोविन्द पन्थी चुनावी मैदानमा रहेका छन् । उज्यालो नेपाल पार्टीबाट कर्णबहादुर थापा, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट जनक सेन, नेसनल रिपब्लिक नेपालबाट पदम थापामगर, मंगोल नेसनल अर्गनाइजेसनबाट बेदबहादुर थापा उम्मेदवार रहेका छन् । यस निर्वाचन क्षेत्रमा एक लाख सात हजार ३६३ जना मतदाता रहेका छन् ।

निर्वाचन प्रचारप्रसारका क्रममा एमालेका तर्फबाट उम्मेदवार बनेका पार्टी उपाध्यक्ष विष्टले बुटवलमा तीन दिनसम्म आफ्नो निर्वाचन क्षेत्रका पालिकास्तरीय विभिन्न कार्यक्रम तथा मतदातासँग भेटघाट सकाएर बिहीबार जिल्ला फर्किएका छन् । उनले बुटवलमा तीन दिनसम्म झण्डै एक दर्जन कार्यक्रम सम्पन्न गरे ।

एमाले पाल्पा क्षेत्र नम्बर २ का उम्मेदवार ठाकुर गैरे आफ्नो क्षेत्रका धेरै मतदाता स्थायी बसोबास वा विभिन्न पेसाका लागि बुटवल, भैरहवालगायतका क्षेत्रमा रहेकाले उनीहरूलाई निर्वाचनमा मतदानका लागि आउने वातावरण निर्माण गर्न पार्टीले कार्यक्रम गर्ने योजना रहेको बताउँछन् । नेपाली कम्युनिस्ट पार्टीका तर्फबाट पाल्पा क्षेत्र नम्बर २ मा उम्मेदवार बनेका सोमप्रसाद पाण्डेले माघ १८ गते बुटवलमा पत्रकार सम्मेलन गरेर पाल्पाबाट बुटवललगायत क्षेत्रमा बसेका मतदातालाई निर्वाचनमा मतदानका लागि निमन्त्रणा गरे । यससँगै उनले रूपन्देहीका विभिन्न स्थानमा कार्यकर्ता भेटघाट र भेला आयोजना गरेर मतदातालाई रिझाउने काम गरेका छन् ।

पाल्पा क्षेत्र नम्बर २ मा एक लाख नौ हजार ५३ जना मतदाता रहेका छन् । जसमा ५३ हजार ७७५ जना पुरुष र ५५ हजार २७८ जना महिला मतदाता रहेका छन् । क्षेत्र नं २ मा ११८ मतदानस्थल र २५१ वटा मतदान केन्द्र रहेका छन् । यस निर्वाचन क्षेत्रमा १४ वटा राजनीतिक दलसहित दुई स्वतन्त्र गरी १६ जना उम्मेदवार प्रतिस्पर्धामा छन् ।

एकमात्र निर्वाचन क्षेत्र रहेको अर्घाखाँची जिल्लामा एक महिलासहित १५ जना चुनावी प्रतिस्पर्धामा छन् । विभिन्न पार्टीका १२ जना र तीन जना स्वतन्त्र गरी १५ जना प्रतिनिधिसभाको निर्वाचनका लागि चुनावी प्रतिस्पर्धामा छन् । यस जिल्लामा नेपाली कांग्रेसबाट विष्णुप्रसाद खनाल र एमालेबाट पिताम्बर भुसालको उम्मेदवारी परेको छ । त्यसैगरी नेपाली कम्युनिस्ट पार्टीका तर्फबाट रामबहादुर चौहान, राष्ट्रिय स्वतन्त्र पार्टीबाट हरिप्रसाद भुसाल, नेकपा माओवादीबाट खीमबहादुर घर्ती, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट झविन्द्र फुल्लेल, राष्ट्रिय जनमोर्चाबाट पशुपति ढकाल, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट पुस्करनाथ आचार्य र स्वतन्त्र उम्मेदवार रवि शाह उम्मेदवार रहेका छन् ।

अर्घाखाँची जिल्लामा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कूल एक लाख ७१ हजार ६५२ जना मतदाता रहेका छन् । जसमा पुरुष ८७ हजार १५७ जना र महिला ८४ हजार ४९५ जना रहेका छन् । यस जिल्लामा १०२ मतदानस्थल र २०९ मतदान केन्द्र रहेका छन् ।

उम्मेदवारहरूले जिल्लामा प्रचारप्रसारका कार्यक्रमसँगै बुटवल, भैरहवा, कपिलवस्तुलगायत ठाउँमा पुगेर मतदातासँग भेटघाट गरेका छन् । एमालेका उम्मेदवार भुसालले बुटवलमा एकचरण कार्यकर्ता भेला गरेर मतदाता रिझाउने काम सकाएको बताए । उनले आवश्यक परे फेरि विभिन्न कार्यक्रम आयोजना गरिने बताए । उनी अर्घाखाँचीका धेरै मतदाता कपिलवस्तुमा बसोबास रहेको र यसबाहेक बुटवल, भैरहवा, काठमाडौं, दाङमा रहेका मतदातालाई निर्वाचनमा मतदानका लागि आह्वान गरिँदै आएको बताउँछन् । जिल्लाका कूल मतदातामध्ये झण्डै ४० प्रतिशत मतदाता जिल्लाबाहिर रहेको उनको भनाइ छ ।

नेपाली कांग्रेसका उम्मेदवार विष्णुप्रसाद खनाल जिल्लामामात्र केन्द्रित रहेर सबै मतदातासँग पुग्न नसकिने बताउँछन् । उनी आफ्ना चुनावी मुद्दा लिएर जिल्लाबाहिरका मतदातासँग पुग्ने क्रममा रहेको र यसैअन्तर्गत पहिलो चरणमा बुटवलमा कार्यक्रम सम्पन्न गरेको बताउँछन् । उनले पोखरा, काठमाडौं, रूपन्देही र कपिलवस्तुलगायत क्षेत्रमा धेरै मतदाता रहेकाले तिनलाई निर्वाचनमा मतदानका लागि आउने वातावरण निर्माण गर्नुपर्ने बाध्यता रहेको उल्लेख गरे । *रासस*

# बाँकेमा निर्वाचन आचारसंहिता उल्लंघनका १६ घटना

**नेपालगञ्ज (प्रस)–** निर्वाचनको मिति नजिकिएसँग बाँकेका तीनवटै निर्वाचन क्षेत्रमा निर्वाचन आचारसंहिता उल्लंघनका १६ वटा घटना दर्ता भएका छन् । ती घटना गत साताका हुन् । निर्वाचन आचारसंहिता उल्लंघनका घटनामा संलग्न उम्मेदवारलाई सचेत गराउँदै त्यस्ता गतिविधि पुनः नदोहोर्‍याउन आग्रह गरिएको निर्वाचन आचारसंहिता कार्यान्वयन तथा अनुगमन अधिकृत पूर्णबहादुर खत्रीले बताए ।

निर्वाचन क्षेत्र नं १ मा विद्यालयपरिसरमा कार्यक्रम आयोजना गरिएको, निर्वाचन क्षेत्र नं २ मा विभिन्न स्थानमा ग्राभेल गरिएको, भारतीय नम्बर प्लेटका सवारीसाधन प्रयोग गरिएको, मतदातालाई 'लकेट' वितरण गरिएको तथा झण्डासहित नारा लगाउँदै प्रचार गरिएकोलगायत उजुरी परेका थिए ।

यसैगरी, सामाजिक सञ्जालमार्फत उम्मेदवारविरुद्ध द्वेषपूर्ण अभिव्यक्ति दिइएको, उम्मेदवारले वृद्धाश्रममा भोजन गराएको, पालिकाका अध्यक्ष स्वयंले प्रचारप्रसार गरेको, गैरसरकारी संस्थामा आबद्ध पदाधिकारीले आफ्नो सामाजिक सञ्जालमार्फत पार्टीको प्रचार गरेको, सवारीसाधनमा झण्डा प्रयोग गरिएकोलगायत घटना दर्ता भएका छन् ।

बाँकेका सहायक प्रमुख जिल्ला अधिकारीसमेत रहेका अनुगमन अधिकृत खत्रीले कतिपय स्थानमा उम्मेदवारले स्वयं निर्वाचन आचारसंहिता उल्लंघन भएको स्वीकार गरेको उल्लेख गर्दै यस्ता घटना जानकारीमा आउनेबित्तिकै अनुगमन तथा आवश्यक प्रक्रिया अघि बढाइएको बताए ।

अनुगमन अधिकृत खत्रीले पछिल्ला केही दिनयता आचारसंहिता उल्लंघनका घटनामा कमी आउन थालेको जानकारी दिँदै कतिपय घटनामा निर्वाचन आयोगले स्पष्टीकरण सोधिसकेको बताए ।


## Bagmati Rural Municipality
## Office of Rural Municipal Executive
**Jhurjhure, Makwanpur**
**Bagmati Province, Nepal**

### Re-Invitation for Electronic Sealed Quotation Bids for the Procurement of Works

***Second Date of Publication: 2082/10/25 (8th Feb. 2026)***

Bagmati Rural Municipality, Jhurjhure, Makwanpur Re-Invites for electronic bids from eligible bidders for the procurement of following items under Sealed Quotation Bidding Procedures specified in Public Procurement Act-2063 and Regulations-2064. Eligible Bidders may obtain further information and inspect each bidding documents at Bagmati Rural Municipality, Makwanpur. Tel: 9849162772/9765744115/9866484834, website: http://bagmatimunmakawanpur.gov.np/ or may visit PPMO e-GP system: https://www.bolpatra.gov.np/egp

| Contract ID number/IFB No. | Description of Particulars | Estimated Amount Inclusive VAT (NRs.) | Amount for Bidding Document (NRs.) | Amount of Bid Security (NRs.) |
|---|---|---|---|---|
| BRM/SQ/WORKS/001/2082/083 | Construction of Steel framed school building with Masonry infill | 19,99,079.62/- | 1,000/- | 43,000/- |
| BRM/SQ/WORKS/002/2082/083 | 2 no's of Steel Frame Building with Masonry Infill at Betini | 14,98,334.36/- | 1,000/- | 33,000/- |
| BRM/SQ/WORKS/003/2082/083 | Construction of Hume pipe culvert and Sub base of road | 13,99,712.25/- | 1,000/- | 30,000/- |

***Chief Administrative Officer***

## Sunkoshi Rural Municipality
## Office of the Rural Municipal Executive
**Mulkharkha, Okhaldhunga**
**Koshi Province, Nepal**

### INVITATION FOR BIDS

**Date of Notice Publication : 2082-10-25 B.S. (2026-02-08 A.D.)**

Sunkoshi Rural Municipality, Mulkharkha, Okhaldhunga invites electronic bids from eligible Nepalese bidders for the following works.

| S. No. | Contract No. | Name of Contract | Estimated Amount (without VAT, Contingency & PS Items) | Bid security Amount | Bid Fee Amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 16/NCB/GOODS/SRM/082/083 | Procurement of Desktop Computer, Color Printer And Laptop | | 1,06,000 | 3,000 | |
| 2. | 17/NCB/RCWORKS/SRM/082/83 | Mathillo Salleri Motorbato Nirman Yojana, Sunkoshi 3 | 26,52,193.61 | 72,000 | 3,000 | |
| Date & Time for Deadline for Bid Submission | | 2082/11/26 B.S. (2026/03/10 A.D.) till 12:00 Noon | | | | |
| Date,Time & Place of Pre-Bid Meeting | | 2082/11/17 B.S. (2026/03/01 A.D.) 07:00 AM at Sunkoshi Rural Municipality, Mulkharkha, Okhaldhunga | | | | |
| Date,Time & Place of Bid Opening | | 2082/11/26 B.S. (2026/03/10 A.D.) 14:00 hours at Sunkoshi Rural Municipality, Mulkharkha, Okhaldhunga | | | | |

| | |
|---|---|
| For Bid Fee | Name of the Bank : Machhapuchchhre Bank Limited |
| | Account Name : **SUN GA. PA. AANTARIK RAJASWO GA - 1.1** |
| | Account No. : **0950073610000031** |
| | Rajaswa (Internal Revenue) Shirshak No. : 14229 |
| | Office Code No. : 801011008 |
| For Bid Security | Name of the Bank : Machhapuchchhre Bank Limited |
| | Account Name : **SUNKOSHI GA. PA. DHARAUTI GA - 3** |
| | Account No. : **0950073610000045** |
| | Rajaswa (Internal Revenue) Shirshak No. : 14229 |
| | Office Code No. : 801011008 |

Eligible Bidders may obtain further information at office of **Sunkoshi Rural Municipality, Mulkharka, Okhaldhunga**, or may visit **PPMO website: www.bolpatra.gov.np/egp**

**Chief Administrative Officer**

## साउदीमा रोजगार
कम्पनी : SULTAN S. AL-GOHAIDAN SONS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/२३ | LT. No. 338514 | चलानी नं. ६०२५२०१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६९,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ४ गते (16th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९७१/०६७/०६८

**Reliance Recruitment Services Pvt. Ltd.**
Maharajgunj, Chakrapath, Kathmandu, Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

## साउदीमा रोजगार
कम्पनी : Mohammed Saleh Al-Harthi Restaurants Establishment शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | LT. No. 338419 | चलानी नं. ६०२५२००८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 4 | 0 | 1000 | ३८,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ३ गते (15th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np

श्रम ईजाजत नं. १७२/०५६/५७




## 'पेन्सन पट्टा'को सुटिङ सकियो

अभिनेता तथा निर्देशक माओत्से गुरूङको निर्देशनमा बनेको फिल्म 'पेन्सन पट्टा'को छायांकन सकिएको छ । ३३ दिनको छायांकनपछि फिल्म सुटिङको काम सकिएको निर्देशक गुरूङले जानकारी दिएका छन् । उनले भनेका छन्, '३३ दिनको खटाइपछि अन्ततः 'पेन्सन पट्टा'को सुटिङ सकिएको छ । पेन्सन पट्टाका लागि सहयोगी सबैमा हार्दिक आभार ।' उक्त फिल्ममा नायक दयाहाङ राई, सुनील थापा, पशुपति राई र गौमाया गुरूङ शीर्ष भूमिकामा रहेको बताइएको छ। फिल्मका लेखक र निर्देशक गुरूङ आफैं हुन् ।





# बबिताको 'कलियुगकी राधा'मा सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** लोक आधुनिक शैलीको गीत 'कलियुगकी राधा' सार्वजनिक गरिएको छ । राजधानीमा आयोजित एक कार्यक्रमका बिच बरिष्ठ गायिकाहरू कुन्ति मोक्तान, सुक्मित गुरुङ, मोनिला सोताङ र देविका बन्दनाले संयुक्त रूपमा गीत सार्वजनिक गरेका हुन् ।

सार्वजनिक गरिएको गीतमा बबिता मानन्धरको स्वर, डिपी खनालको शब्द, शंकर थापा 'स्माइल'को संगीत र कुमार केसीको मिक्सिङ रहेको छ । यस्तै राजिव समरले निर्देशन गरेको गीतको भिडियोमा आश्मा बिश्वकर्मा र अभिषेक श्रेष्ठको नृत्य रहेको छ । भिडियोमा दिनेश पराजुलीको छायाँकन र डिन्सन शाहको सम्पादन छ । शुरेश मानन्धरले निर्माण गरेको गीत डान्सिङ्ग बिटमा आधारित छ । गीतमा आधुनिक समाजमा प्रेम, नारी भावना र सम्बन्धको यथार्थलाई समेटिएको छ ।

साढे दुई दशक देखि निरन्तर संगीतकर्ममा सक्रिय गायिका मानन्धरको श्रुतिमधुर स्वरले गीतलाई भावनात्मक बनाएको छ । गायिका मानन्धरले संगीतकार थापाको प्रसंसा गर्दै उनको संगीतमा स्वर दिन निकै मेहनत गर्नु परेको बताइन । आफुले सक्दो राम्रो गाउने कोसिस गरेको भन्दै उनले शब्द र संगीतको उत्कृष्ट संयोजनले गीत पनि उत्कृष्ट बनेको बिश्वास राखिन । उनले गीतकार खनालका शब्दहरू भावनात्मक रहेकोले आफुलाई मन परेको समेत बताइन ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथी बरिष्ठ गायिका कुन्ति मोक्तानले बबिताको स्वरको मुक्त कण्ठले प्रसंसा गरेकी छिन । उनले बबिताले जस्तो सुकै जनराको गीतलाई पनि न्याय गर्न सक्ने जनाइन । यस्तै बरिष्ठ गायिका सुक्मित गुरुङले बबिताको गायकी उच्च कोटीको भएको बताएकी छिन । उनले 'कलियुगकी राधा'को शब्द, संगीत र भिडियो समेत निकै राम्रो बनेको प्रतिक्रिया दिइन ।

कार्यक्रमलाई सम्बोधन गर्दै बरिष्ठ गायिका मोनिला सोताङले 'कलियुगकी राधा'ले दर्शक स्रोताको मन जित्ने बिश्वास राखिन । आफुलाई हरेक कोणबाट अडियो र भिडियो दुबै मन परेको उनको भनाई छ । यस्तै अर्की बरिष्ठ गायिका देबिका बन्दनाले चलचित्रका थुप्रै आइटम गीतमा बबिताकै स्वर सुन्दै आएको र आज पनि उनको स्वरको गुणस्तर उस्तै रहेको बताइन ।

कार्यक्रममा बोल्दै संगीतकार थापाले नेपाली संगीतका सिद्धहस्त अग्रज गायिकाहरूको बाहुलीबाट गीत बिमोचन गर्न पाउनु आफुहरूका लागि गर्वको क्षण भएको बताए । यस्तै मोडल आश्मा बिश्वकर्माले दर्शकहरूले गीत तथा भिडियो मन पराउने विश्वास राखिन ।

## रंगशाला

# प्रधानसेनापति खुला म्याराथनमा सेनाका रोकाय र सन्तोषी प्रथम




■ प्रभाव संवाददाता

**काठमाडौं–** यस वर्षको 'प्रधानसेनापति खुला म्याराथन प्रतियोगितामा' नेपाली सेनाका अमल्दार राजन रोकायले निर्धारित दूरी दुई घण्टा १५ मिनेट ५३ सेकेन्डमा पूरा गरी प्रथम स्थान हासिल गरेका छन् ।

महाशिवरात्रि तथा नेपाली सेना दिवसको अवसरमा आयोजित उक्त प्रतियोगितामा सेनाकै हुद्दा खड्गबहादुर खड्काले दोस्रो स्थान प्राप्त गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालले जनाएको छ ।

हाफ म्याराथनमा पुरुषतर्फ सेनाका अमल्दार गजिन्द्र राईले निर्धारित दूरी एक घण्टा चार मिनेट ४५ सेकेन्डमा पूरा गरी प्रथम भए । त्यस्तै महिलातर्फ सन्तोषी श्रेष्ठले निर्धारित दूरी एक घण्टा १४ मिनेट ३१ सेकेन्डमा पूरा गरी प्रथम भएको निर्देशनालयले जनाएको छ ।

'बलियो एकता, सुरक्षित राष्ट्र' नाराका साथ आयोजित एघारौं संस्करणमा ४२.१९५ किलोमिटर खुला म्याराथन तथा २१ किलोमिटर हाफ म्याराथन महिला र पुरुष दुवै विधा समावेश गरिएको थियो ।

प्रतियोगिताअन्तर्गत १० किलोमिटर दूरीको छात्र तथा छात्रा, सैनिक अधिकृत, सैनिक सहचारी तथा पाँच किलोमिटर दूरीको आधारभूत विद्यालय तहका छात्र/छात्रा र पाँच किलोमिटर वाकाथन विधा समावेश थियो ।

त्यस अवसरमा प्रतियोगिताका विजयी धावकलाई प्रधानसेनापति अशोकराज सिग्देल, पूर्वप्रधानसेनापतिहरू, सैनिक श्रीमती संघकी अध्यक्ष, बलाधिकृत, नेपाल सरकारका सचिव तथा काठमाडौं महानगरपालिका प्रतिनिधिले पुरस्कार तथा प्रमाणपत्र वितरण गरे ।

# साफ यु-१९ महिला च्याम्पियनसिपको उपाधि भारतलाई

■ प्रभाव संवाददाता

**कास्की–** पोखरामा सञ्चालन भइरहेको १९ वर्षमुनिको साफ महिला च्याम्पियनसिप फुटबल प्रतियोगिताको उपाधि भारतले जितेको छ । पोखरा रंगशालास्थित अन्तरराष्ट्रिय फुटबल रंगशालामा शनिबार सम्पन्न फाइनल खेलमा साविक विजेता बंगलादेशमाथि ४-० को फराकिलो अन्तरको जित निकाल्दै भारत च्याम्पियन बनेको हो ।

भारतले खेलको पहिलो हाफमा एक गोल गर्दा दोस्रो हाफमा थप तीन गोल गर्न सफल भयो । खेलको ४२औं मिनेटमा कप्तान जुलान नोङमेथेमले गोल गरेर अग्रता बनाएकी हुन् । एलिजावेद लार्कोले ६३औं मिनेटमा अग्रता बनाएकी थिइन् ।

भारतले खेलको ६८औं मिनेटमा पेनाल्टी पायो । बंगलादेशकी गोलकिपर बेगमले पेनाल्टी क्षेत्रमा विपक्षी खेलाडीलाई लडाएपछि पाएको पेनाल्टीमा पर्ल फर्नान्डेजले गोल गरेकी थिइन् । यसैगरी अन्विता रघुरामनले ८३औं मिनेटमा गोल गरेपछि भारतले फराकिलो अन्तरको जित निकाल्न सफल भयो ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी र सर्वाधिक गोलकर्ताको उपाधि बंगलादेशकी अल्पी अक्तरले पाएकी छिन् । उत्कृष्ट गोल रक्षक भारतकी मुन्नी बन्दा फेयर प्ले अवार्ड भारतले पाएको छ । यही माघ १७ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा नेपालसहित भारत, बंगलादेश र भुटान गरी चार टोलीको सहभागिता थियो ।


## Thakre Rural Municipality
Office of the Rural Municipal Executive
Mahadevbesi, Dhading
Bagmati Province, Nepal

## Invitation for Online Bid

**Date of Publication: 2082-10-25**

1. Thakre Rural Municipality has allocated funds to cover eligible payment under the contract below

| S. N. | Contract ID No. | Project Title | Estimated cost without VAT (NRs) | Bid Security amount (NRs) | Bid Document fee (NRs) |
|---|---|---|---|---|---|
| 1. | 07/WASTEMGMT/ THAKRE/2082/083 | Procurement of Waste Management(Collection and Disposal) of Thakre Rural Municipality. | 6,01,000/- | 5% of the quoted bid amount | 3000/- |
| 2. | 06/NCB/WORKS/ THAKRE/2082/083 | Upgrading of Road from Adarsha Secondary School Gate via V.K. Tole to Khatridanda, Thakre-5 | 34,99,144.36/- | 1,05,000/- | 3000/- |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Thakre Rural Municipality, Dhading, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp
3. Bidding documents is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp Intrested Bidders should register in the e-GP system and deposit the cost of bidding document 3000.00 NRs in the following specified bank.

**Name of the Bank : Prabhu Bank Ltd., Mahadevbesi Branch**
**Name of the office : Thakre Rural Municipality**
**Office account no . 0510101118900121**

4. Interested Bidder should submit online Bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 2082-11-26, 12:00.
5. Online bid shall be opened in the presence of bidders who choose to attend on 2082-11-26, 14:00 hours at the Thakre Rural Municipality, Dhading, Nepal. Online bids must be valid for a period of 90 days accounting from the day of bid opening and must be accompanied by bid security, as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period or may deposit a sum of above mentioned amount on Thakre Rural Municipality, Dharauti Account no: 0510101118900041 on account maintained at Prabhu Bank, Mahadevbesi, Dhading. The scan copy of bid security or cash deposit voucher should be uploaded in e-GP system during Bid Submission.
6. If the office happens to be closed on the date of opening of the bid is specified, the bid will be opened on the next working day at the same time and venue.

**Chief Administrative Officer**



## Sunawarshi Municipality
## Office Of The Municiple Executive
**Dainiya, Morang**
**Koshi Province**

## Invitation For Sealed Quotation

**Published date: 2082/10/25 (Feb. 8th, 2026)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites electronics bids from eligible bidder for the procurement of the following Goods and works under Sealed quotation procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (With Vat & PS) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/ KRISI/082/83-01 | Sichaiko lagi 50 % anudanma sichai motor kharid tatha bitaran karyakram | 19,81,233.52/- | 50,000.00/- | 1,000 /- |
| SUNMUN/ KRISI/082/83-02 | sichaiko lagi 75% anudanma boring samagri kharid tatha jadan sahayog karyakram | 13,11,839.91/- | 35,000.00/- | 1,000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunawarshimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents through website www.bolpatra.gov.np/egp and deposit cost of Bidding Document in bank name of the Bank:- Himalayan Bank Ltd, Dainiya, Morang.
A/C Name:- **Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138**
& For Bid Security **SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178),** Rajaswa **(revenue) Shirshak No :14229**
4. A complete Set of Bidding Documents May be purchased (electronically) from the Office Of sunawarshi Municipality Dainiya Morang by Eligible Bidders by downloading the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable fee as mention in the 5th column of above table on or Before 2082/11/10 during office hours.) of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bid.
5. Bids must be submitted to the office of the sunawarshi municipality by electronically on before 12:00 noon on 2082/11/11. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on Falgun, 11, 2082 13:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 45 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**



डेनमार्कको स्वायत्त क्षेत्र ग्रिनल्याण्डको नुउकको शुक्रबार लिइएको दृश्य । *तस्विरः सिन्हवा*

# सर्वसाधारणमाथि आक्रमण र दुर्व्यवहारले गाजाको मानवीय अवस्था संकटग्रस्त



**संयुक्त राष्ट्रसंघ–** गाजाको राफाह सीमानाकाहुँदै फर्किरहेका प्यालेस्टिनीहरूलाई दुर्व्यवहार गरिएको भन्ने विवरणप्रति संयुक्त राष्ट्रसंघका मानवीय निकायहरूले गहिरो चिन्ता व्यक्त गरेका छन् । यसैबीच, सर्वसाधारणलाई लक्षित गर्दै भइरहेका इजरायली आक्रमणका कारण मानवीय अवस्था झन् जटिल बन्दै गएको छ ।

संयुक्त राष्ट्रसंघको मानवीय सहायता समन्वय कार्यालयका अनुसार गाजाका सर्वसाधारण बसोबास गर्ने क्षेत्रमा हवाई आक्रमण र गोलाबारी निरन्तर भइरहेको छ, जसका कारण मानवीय क्षति र भौतिक संरचनामा ठूलो नोक्सानी पुगेको छ। कार्यालयले बिहीबार इजरायली सेनाले शरणार्थीका लागि स्थापित विद्यालय समूहअन्तर्गत अन्तिम बाँकी रहेको एक विद्यालय पनि ध्वस्त पारेको जनाएको छ। यससँगै सो क्षेत्रका सबै विद्यालय पूर्णरूपमा नष्ट भएका छन् ।

संयुक्त राष्ट्रसंघले सर्वसाधारण तथा सर्वसाधारण संरचनाको सधैं संरक्षण हुनुपर्ने र तिनलाई कहिल्यै पनि सैन्य गतिविधिका लागि प्रयोग वा लक्षित गर्न नहुने स्पष्ट पारेको छ । संयुक्त राष्ट्रसंघको विकास कार्यक्रमले बिहीबार इजरायली जाँच चौकीबाट २१ जना फर्किएका व्यक्तिलाई खान युनिसस्थित नासेर अस्पताल पुऱ्याएको जनाएको छ । सोमबारदेखि हालसम्म ९८ जना फर्किएका व्यक्तिलाई त्यहाँ स्वागत गरिएको छ ।

संयुक्त राष्ट्रसंघको मानवअधिकार कार्यालयले फर्किएका प्यालेस्टिनीहरूमाथि दुर्व्यवहार, अपमान र हिंसाको क्रम देखिएको भन्दै चेतावनी दिएको छ । कार्यालयका अनुसार केही सशस्त्र प्यालेस्टिनी समूहले इजरायली सेनाको समर्थनमा फर्किनेहरूलाई हत्कडी लगाउने, आँखामा पट्टी बाँध्ने, धम्की दिने, शरीर जाँच गर्ने तथा पैसा र निजी सामान लुट्ने गरेका छन् ।

मानवअधिकार कार्यालयले फर्किने क्रममा इजरायली जाँच चौकीमा हिंसा, अपमानजनक सोधपुछ तथा शारीरिक मर्यादा उल्लंघन हुने किसिमका जाँच गरिएको विवरण प्राप्त भएको जनाएको छ । यी सबै गतिविधिले प्यालेस्टिनीहरूको व्यक्तिगत सुरक्षा, मानवीय मर्यादा तथा यातना र अमानवीय व्यवहारबाट मुक्त रहने अधिकारको गम्भीर उल्लंघन गरेको कार्यालयको निष्कर्ष छ ।

मानवीय सहायता समन्वय कार्यालयका अनुसार गाजाभित्र मानवीय सहायता पुऱ्याउन अझै पनि इजरायली अधिकारीहरूसँग समन्वय गर्नुपर्ने अवस्था कायम छ। बिहीबार र शुक्रबार समन्वयका लागि प्रस्ताव गरिएका ११ वटा मानवीय अभियानमध्ये छ वटामात्र पूर्णरूपमा सम्पन्न भएका थिए । बाँकीमध्ये केही अभियान लामो समयसम्म रोकिएपछि आंशिकरूपमा मात्र सफल भएका थिए ।

ती अभियानहरूमा खानेपानी तथा सरसफाइ सामग्री संकलन, इन्धन आपूर्ति, चिकित्सकीय उद्धार, राफाह नाकाहुँदै आवतजावत तथा बिरामीहरूलाई नासेर अस्पतालसम्म पुऱ्याउने कार्य समावेश थिए । रासस/सिन्हवा

# मस्कको नयाँ कदमः अन्तरिक्षमा डेटा र एआई

**न्युयोर्क–** एलन मस्कले अन्तरिक्षमा सूचना केन्द्र स्थापना गर्ने योजना सार्वजनिक गरेका छन् । करिब एक लाख उपग्रहलाई आकाशमा राखेर सूर्यको ऊर्जाबाट चल्ने सूचना केन्द्र निर्माण गरिने छ, जसले कृत्रिम बुद्धिमत्ता प्रणाली र संवादात्मक कार्यक्रमहरू सञ्चालन गर्दा बिजुली संकट रोक्न मद्दत गर्ने छ ।

यसका लागि उनले आफ्नो अन्तरिक्ष संस्था र एआई व्यवसायलाई एकसाथ जोडेर ठूलो सार्वजनिक प्रस्ताव गर्ने योजना बनाएका छन् ।

तर विज्ञहरूले चेतावनी दिए, 'अन्तरिक्षमा सूचना केन्द्र स्थापना गर्न धेरै प्राविधिक, आर्थिक र वातावरणीय चुनौतीहरू छन् । कम्प्युटर चिपहरूले धेरै तातो उत्पादन गर्छन् र अन्तरिक्षको शून्य हावामा तातो बाहिर जान कठिन हुन्छ । यस समस्याको समाधानका लागि विशाल रेडिएटर प्यानलहरू बनाउने योजना छ, तर यस्ता संरचना अहिलेसम्म कहिल्यै निर्माण भएका छैनन् ।'

अन्तरिक्षमा उपग्रह बिग्रिनुको सम्भावना पनि उच्च छ, जसले आपत्कालीन सञ्चार र मौसम पूर्वानुमानमा असर पार्न सक्छ । मस्कका अनुसार आगामी ३०-३६ महिनाभित्र अन्तरिक्ष नै बुद्धिमत्ता प्रणालीको सबैभन्दा उपयुक्त स्थान बन्ने छ । तर विज्ञहरूले भनेका छन्, 'बिग्रेका उपकरण मर्मत गर्न मानिसहरू पुग्न नसक्ने र सूर्यको उच्च ऊर्जा कणले उपकरणमा असर पार्ने चुनौती रहन्छ ।'

अन्य कम्पनीहरू पनि अन्तरिक्षमा सूचना केन्द्र स्थापना गर्ने प्रयास गर्दै छन् । विशेषज्ञहरूले यसलाई अन्तरिक्ष क्षेत्रमा शक्ति प्रदर्शनको रूपमा पनि व्याख्या गरेका छन् । *रासस/एपी*

# इस्लामाबादको मस्जिदमा भएको विष्फोटमा मृत्यु हुनेको संख्या ३१ पुग्यो

**इस्लामावाद (पाकिस्तान)–** इस्लामावादको एक शिया मस्जिदमा इस्लामिक स्टेट समूह (आइएस)ले दाबी गरेको आत्मघाती विष्फोटमा मृत्यु हुनेको संख्या ३१ जना पुगेको छ भने १६९ जना घाइते भएका छन् । अधिकारीहरूले घटनाको पुष्टि गर्दै धेरै घाइतेहरूको गम्भीर अवस्थामा उपचार भइरहेकाले मृतकको संख्या अझै बढ्ने अनुमान गरेका छन् । देशभरका मस्जिदहरू उपासकहरूले भरिएर प्रार्थना गरिरहेको समयमा विष्फोट भएको एक सुरक्षा स्रोतलाई उद्धृत गर्दै एएफपीले जनाएको छ ।

जिहादी सञ्चारको निगरानी गर्ने साइट इन्टेलिजेन्स ग्रुपका अनुसार आइएसले आतंककारीले मण्डलीलाई लक्षित गरी गरेको विष्फोटमा ठूलो मानवीय क्षति भएको बताएको छ । प्रधानमन्त्री शाहबाज सरिफले विष्फोटमा संलग्नहरूको अनुसन्धान गरी न्याय दिलाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

यसअघि सन् २००८ सेप्टेम्बरपछि पाँचतारे म्यारिअट होटलको केही भाग ध्वस्त पारिएको आत्मघाती ट्रक बम विष्फोटमा ६० जनाको मृत्यु भएको थियो । चिकित्सक र दर्शकहरूले पीडितहरूलाई एम्बुलेन्स र सवारीसाधनको पछाडिबाट रगतले भिजेका लुगाहरू निकाल्न मद्दत गरेको तथा घाइतेका साथीहरू र आफन्तहरूलाई भेट्न कुदिरहेको भिडियो सार्वजनिक भएको छ ।

एएफपीले अर्को टोलीले मस्जिदबाहिर सशस्त्र सुरक्षा बलहरूले रगतमा डुबेका मानिसहरूको उद्धार गर्दै गरेको उल्लेख गर्दै गरेको देखाएको छ । सामाजिक सञ्जालमा सार्वजनिक गरिएको भिडियोले मस्जिदको अगाडिको गेट नजिकै धेरै शवहरू देखाएको छ भने मानिस र भग्नावशेष पनि रातो गलैंचा भएको प्रार्थना हलमा छरिएका थिए । उपप्रधानमन्त्री इशाक दारले उक्त आक्रमणलाई 'मानवताविरुद्धको जघन्य अपराध र इस्लामिक सिद्धान्तको खुल्लमखुला उल्लंघन भनेका छन् । पाकिस्तान सबै प्रकारका आतंकवादविरुद्ध एकजुट भएर उभिएको उनले सामाजिक सञ्जाल एक्सको एक पोस्टमार्फत बताएका छन् ।

उनका प्रवक्ताका अनुसार संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले नागरिक र पूजास्थलहरूविरुद्धको आक्रमण अस्वीकार्य भएको बताएका छन् । बढ्दो विद्रोहकाबीच पाकिस्तानको सुरक्षा बलले अफगानिस्तानको सिमानामा रहेका दक्षिणी र उत्तरी प्रान्तहरूमा विद्रोहलाई तीव्र बनाउँदै गर्दा यो आक्रमण भएको हो । सुन्नी बहुल राष्ट्र पाकिस्तानमा सियाहरू जनसंख्याको १० देखि १५ प्रतिशतको बीचमा छन् भने उनीहरूको बसोबास क्षेत्र लक्षित आक्रमणहरू पटक-पटक हुने गरेका छन् । *रासस/एएफपी*

# अमेरिका–भारत अन्तरिम व्यापार सम्झौताको घोषणा

**नयाँदिल्ली–** संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०२५ फेब्रुअरीमा सुरु गरेको अमेरिका-भारत द्विपक्षीय व्यापार सम्झौता (बिटिए) वार्तालाई अगाडि बढाउन अन्तरिम व्यापार सम्झौताको घोषणा गरेका छन् ।

संयुक्त राज्य अमेरिका र भारतबीचको अन्तरिम सम्झौताले व्यापारमा ऐतिहासिक कोसेढुंगाको प्रतिनिधित्व गर्दै आपसी हित र पारस्परिक र सन्तुलित व्यापारको साझा प्रतिबद्धता प्रदर्शन गर्ने जनाइएको छ ।

सम्झौताको एक हिस्साको रूपमा भारतले सबै अमेरिकी औद्योगिक सामानहरू र अमेरिकी खाद्य र कृषि उत्पादनहरूको विस्तृत शृंखलामा शुल्क हटाउने वा घटाउने छ। जसमा सुकेको अन्न, रूख बदाम, ताजा र प्रशोधन गरिएका फलफूलहरू, सोयाबिन तेल, वाइनलगायत समावेश छन् ।

संयुक्त वक्तव्यअनुसार संयुक्त राज्य अमेरिकाले कपडा, छाला जुत्ता, प्लास्टिक, रबर, जैविक रसायन, घरको सजावट र केही मेसिनरीजस्ता क्षेत्रहरूलाई समेट्ने सान्दर्भिक कार्यकारी आदेशअन्तर्गत भारतीय मूलका सामानहरूमा १८ प्रतिशतको पारस्परिक शुल्क लागू गर्ने छ । अन्तरिम सम्झौताको सफल निष्कर्षमा, अमेरिकाले जेनेरिक फार्मास्युटिकल्स, रत्न र हीरा र विमानका भागहरूलगायत सामानहरूको विस्तृत शृंखलामा पारस्परिक शुल्क हटाउने छ ।

सम्झौताले एल्युमिनियम, स्टिल र तामामा राष्ट्रिय सुरक्षासम्बन्धी घोषणाहरूअन्तर्गत लगाइएका केही भारतीय विमान र विमानका भागहरूमा अमेरिकी शुल्क हटाउने पनि व्यवस्था गरेको छ । भारतले अमेरिकी राष्ट्रिय सुरक्षा आवश्यकताअनुरूप अटोमोटिभ पार्ट्सका लागि प्राथमिकता शुल्क दर प्राप्त गर्ने छ । अमेरिकी अनुसन्धानको नतिजाको आधारमा भारत पनि जेनेरिक औषधि र औषधि सामग्रीका लागि वार्ताको नतिजाहरू प्राप्त गर्न तयार भएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

दुवै देशहरू एक-अर्कालाई दिगो आपसी हितका क्षेत्रहरूमा बजार पहुँच प्रदान गर्न र सम्झौताको लाभ संयुक्त राज्य अमेरिका र भारतलाई सुनिश्चित गर्न उत्पत्ति नियमहरू स्थापना गर्न प्रतिबद्ध रहेको जनाइएको छ ।

दुवै पक्षले द्विपक्षीय व्यापारलाई असर गर्ने गैरशुल्क बाधाहरूलाई सम्बोधन गर्ने विज्ञप्तिमा उल्लेख छ । भारत अमेरिकी चिकित्सा उपकरण, सूचना र सञ्चार प्रविधि सामान, खाद्य र कृषि उत्पादनजस्ता क्षेत्रमा लामो समयदेखि रहेका बाधाहरूलाई सम्बोधन गर्न कदम चाल्न छ महिनाभित्र अन्तर्राष्ट्रिय मापदण्डको स्वीकृतिको समीक्षा गर्न सहमत भएको जनाइएको छ ।

अन्तरिम सम्झौताबाहेक दुवै देशले बिटिए वार्ताको माध्यमबाट बजार पहुँच थप विस्तार गर्ने काम गर्ने बताएका छन् । वार्ताका क्रममा अमेरिकाले भारतीय सामानमा कर घटाउने प्रयास जारी राख्ने भारतको अनुरोधलाई विचार गर्ने बताएको छ ।

सम्झौताले आपूर्ति शृंखलामा लचिलोपन, लगानी समीक्षा, निर्यात नियन्त्रण र तेस्रो पक्षहरूको गैरबजार नीतिहरूको सम्बोधनमा सहयोगसहित आर्थिक सुरक्षालाई सुदृढ पार्ने जनाइएको छ ।

सम्झौताअनुसार भारतले आगामी पाँच वर्षमा ५०० अर्ब अमेरिकी डलर मूल्यका अमेरिकी ऊर्जा उत्पादनहरू, विमान र विमानका पुर्जाहरू, बहुमूल्य धातुहरू, कोइला खरिद गर्ने इच्छा व्यक्त गरेको छ। डेटा सेन्टरमा प्रयोग हुने ग्राफिक्स प्रशोधन एकाइसहित प्रविधि उत्पादन व्यापारमा उल्लेखनीय वृद्धि गर्न र संयुक्त प्रविधि सहयोग विस्तार गर्न दुवै पक्ष सहमत भएका छन् ।

संयुक्त राज्य अमेरिका र भारत डिजिटल व्यापारका बाधाहरूलाई सम्बोधन गर्न र बिटिएअन्तर्गत बलियो, पारस्परिकरूपमा फाइदाजनक डिजिटल व्यापार नियमहरूका लागि मार्गप्रशस्त गर्न प्रतिबद्ध छन् । दुवै पक्षको सहमतिअनुरूप व्यापक र पारस्परिकरूपमा फाइदाजनक द्विपक्षीय व्यापार सम्झौता सम्पन्न गर्ने दृष्टिकोणका साथ अन्तरिम सम्झौतालाई अन्तिम रूप दिन यथाशीघ्र काम गर्ने र यस ढाँचालाई तुरुन्तै कार्यान्वयन गर्ने बताइएको छ । *रासस/क्युएनए*




## खत्याड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रामतडी, मुगु
कर्णाली प्रदेश नेपाल

**बोलपत्र स्वीकृतिको आशयपत्र जारी गरिएको बारे सूचना**

प्रकाशित मिति २०८२/१०/२५ गते

यस गाउँपालिका को मिति २०८२/०८/२८ गते प्रभाव राष्ट्रिय दैनिक र पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार विद्युतीय माध्यम मार्फत दर्ता भएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | छनोट भएको बोलपत्रदाता | कबोल रकम रु. (मु.अ.कर र P.S. सहित) |
|---|---|---|---|---|
| 1. | KRM/NCB/ BUILDING/ WORKS/09/82/083 | Construction of Administrative Building of Khatyad Rural Municipality, Mugu | DCS-Nagarjun-Tirtha JV Patan-6, Baitadi | रु. 6,91,97,361.33 |



## सुनवर्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
डाईनिया, मोरङ
कोशी प्रदेश

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

*प्रकाशित मिति २०८२/१०/२५ गते*

**यस कार्यालयद्वारा मिति २०८२/०९/२८ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम प्राप्त हुन आएको तपसिलमा उल्लेखित न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को प्रयोजनार्थ स्विकृतिको आशयको लागि सम्बन्धित सबै दरभाउ पत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | बोलपत्रदाताको नाम/ठेगना | कामको विवरण | कवोल गरेको रकम (मू.अ.कर र पि. एस. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १. | SUNMUN/SQ/ MEDICINE/ 082/83-01 | श्री मानसरोवर मेडिहेल्थ प्रा.लि, काठमाडौं-१०, काठमाडौं | Adharbhut tatha akasmik swasthya sewako lagi aausadhi kharid | ७,९२,४१४.००/- | सिलबन्दी दरभाउपत्र |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – | प्रति तोला – | प्रति तोला – |
| २९१००० | ० | ४७१० |



**म्याग्दीको तोरीपानी गाउँ** | म्याग्दीको बेनी नगरपालिका-९ स्थित तोरीपानी गाउँ । सामुदायिक घरबास सेवा सञ्चालनमा आएपछि यस गाउँमा पर्यटकीय गतिविधि बढेको छ ।
तस्बिर : राम थापा/रासस

# कोइला अभावले धातु उद्योग संकटमा

■ प्रभाव संवाददाता

**भोजपुर** -यहाँको ऐतिहासिक टक्सार बजार औद्योगिक, व्यापारिक तथा सांस्कृतिक पहिचान बोकेको क्षेत्रका रूपमा चिनिन्छ । यहाँ विगत लामो समयदेखि परम्परागत धातुका सामग्री-विशेषत: कांस, तामा र पित्तलका भाँडाकुँडा तथा अन्य सामग्री-निर्माण हुँदै आएको छ ।

पुस्तौँदेखि निरन्तर चल्दै आएको यो परम्परागत पेसा पछिल्लो समय धातु पगाल्न आवश्यक पर्ने कोइलाको अभावका कारण संकटमा पर्दै गएको छ । पञ्चायतकालदेखि बहुदलीय व्यवस्था स्थापनासम्म टक्सारमा सञ्चालनमा रहेका धातु उद्योगले लाखौं रूपैयाँ मूल्य बराबरका सामग्री उत्पादन गर्दै आएका थिए ।

यहाँ उत्पादित कांसका भाँडाकुँडा तथा अन्य सामग्री जिल्लासँगै तराईका विभिन्न सहरमा पुग्ने गर्थे । तर, आवश्यक कोइला, कच्चापदार्थको अभाव, लागत वृद्धि र पेसाप्रति नयाँ पुस्ताको आकर्षण घट्दै जाँदा पछिल्लो समय टक्सार बजार क्रमशः सुनसान बन्दै गएको स्थानीयवासी विनोद ताम्राकारले बताए ।



यहाँका घरेलु उद्योग सञ्चालकको सबैभन्दा ठूलो समस्या कोइला अभाव नै भएको उनको भनाइ छ । उद्योग सञ्चालनका लागि आवश्यक कोइला बजारमा सहज रूपमा नपाइने भएपछि आफैँले रुख काटेर कोइला बनाउनुपर्ने बाध्यता रहेको उनले जानकारी दिए ।

‘काँसको काम सुरु गरेदेखि अन्त्यसम्म कोइला अनिवार्य पर्छ’, उनले भने, ‘अहिले कोइला पाउन निकै कठिन छ, कोइलाको अभावकै कारण धेरै कालीगढ पेसा छाड्न बाध्य भएका छन् ।’

दसकौँ अघि सयौँको संख्यामा सञ्चालनमा रहेका धातु उद्योग अहिले आएर पाँच वटामा मात्र सीमित भएका छन् । कोइला मात्र होइन, मैनलगायत अन्य स्थानीय कच्चापदार्थ पनि सहज रूपमा नपाउँदा पेसा धान्न झनै कठिन बन्दै गएको अर्का स्थानीय सुरजबहादुर उदासले बताए ।

‘कोइलाबिना काँसको काम सम्भव नै हुँदैन’, उनले भने, ‘काँस पगाल्न, मैन पगाल्न सबैमा कोइला चाहिन्छ, अहिलेको अवस्थामा कोइलाको कारणले पेसा जोगाउने कि छाड्ने भन्ने अवस्थामा पुगेका छौँ ।’

स्थानीयका अनुसार राणा तथा पञ्चायती शासनकालमा विशेष प्रसिद्धि कमाएको टक्सारको धातु उद्योगले स्थानीय रोजगारी सिर्जना गर्नुका साथै क्षेत्रीय अर्थतन्त्रलाई चलायमान बनाएको थियो । तर, पछिल्लो समय स्थानीयवासीको पलायन, कच्चापदार्थको अभाव, आधुनिक उद्योगसँग प्रतिस्पर्धा गर्न नसक्नु र सरकारी सहयोगको कमीका कारण यो परम्परागत उद्योग क्रमशः धराशायी बन्दै गएको छ । स्थानीयवासीले टक्सारको ऐतिहासिक पहिचान जोगाउन कोइला आपूर्तिमा सहजीकरण, परम्परागत उद्योग प्रवर्द्धनका कार्यक्रम र कालीगढलाई लक्षित राहत तथा प्रोत्साहनका नीति आवश्यक रहेको बताउँदै आएका छन् ।

# चुनावी चहलपहलले बढायो आर्थिक गतिविधि

■ प्रभाव संवाददाता

**महोत्तरी–** महोत्तरीमा निर्वाचनको चहलपहल बढेसँगै आर्थिक गतिविधिमा पनि बढोत्तरी हुन थालेको छ । खासगरी होटल व्यवसायी यसबाट लाभान्वित भएका छन् । राजनीतिक दल र तिनका उम्मेदवारका साथै कार्यकर्ताको सघन उपस्थितिले आगामी एक महिनासम्म ग्राहकको अभाव नहुने होटल व्यवसायी बताउँछन् ।

‘निर्वाचन चहलपहले हाम्रो व्यस्तता बढेको छ’, बर्दिबासका होटल सञ्चालक तथा होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरीका महासचिव नारायण घिमिरे भन्छन्, ‘अबको एक महिना हाम्रो व्यवसाय जम्ने ठानेका छौँ ।’ जिल्लाका सबै भेगका बजारमा होटल व्यवसाय राम्रो चलेका उनको भनाइ छ ।

प्रतिनिधिसभा क्षेत्र-१ को बर्दिबासमा विभिन्न दल र स्वतन्त्र उम्मेदवारका निर्वाचन परिचालन कार्यालय सञ्चालनमा आएसँगै होटलमा ग्राहकको सप्या ह्वात्तै बढेको छ । बर्दिबासचोक वरपर १० वटा दलले निर्वाचन परिचालन कार्यालय सञ्चालनमा ल्याएका छन् । यी कार्यालय सञ्चालनमा आएलगत्तै बजार चहलपहल ह्वात्तै बढेको बर्दिबासकै अर्का होटल व्यवसायी विमल भण्डारी बताउँछन् ।

जिल्लाका चारवटा निर्वाचन क्षेत्रका सबैजसो केन्द्र (निर्वाचन अधिकृतको कार्यालय स्थापना भएका ठाउँ) बजार क्षेत्रमै छन् । क्षेत्र नम्बर-१ को बर्दिबास, २ को बलवा, ३ को जलेश्वर र चारको रामगोपालपुरमा निर्वाचन अधिकृतको कार्यालय छ ।

अहिले यी ठाउँमात्र नभएर मटिहानी, पिपरा, मनरा, सम्सी, गौशाला, सीतापुर, लोहारपट्टी, औरही, खयरमारा, सरपल्लो, रौजासहितका बजार क्षेत्रका होटल ग्राहकले खचाखच देखिन्छन् । यी ठाउँमा दल र स्वतन्त्र उम्मेदवारका कार्यकर्ताको जमघट बढेसँगै बजारु चहलपहलमा वृद्धि भएको रौजाबजारका सामाजिक कार्यकर्ता मन्सुल कवारीको भनाइ छ ।

चुनावी चहलपहलले होटलमात्र नभएर अन्य व्यापार व्यवसाय पनि चलायमान भएको व्यापारी बताउँछन् । ‘अहिले चुनावले बजारमा चहलपहल बढेको छ’, सीतापुर बजारका कपडा व्यापारी सहवुल अन्सारी भन्छन्, ‘व्यापारीलाई राहत मिलेको छ ।’

बजारमा चहलपहल बढेको छ । यससँगै झण्डा, ब्यानर, पर्चा र पम्प्लेटका लागि कपडा पसल, पेन्टर र प्रेसमा चुनावी प्रयोजनका ग्राहक बढ्दै गएका गौशाला बजारका अजय साहको भनाइ छ ।

निर्वाचन जनजन र घरघर परिचालित हुने ‘महापर्व’ जस्तै हो । आगामी फागुन ३ गतेपछि चुनावी प्रचार औपचारिक रूपमा सुरु भएपछि चहलपहल झन बढ्ने जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष शिवचन्द्र चौधरीको भनाइ छ ।

# नेपालगञ्जमा विद्युतीय ट्याक्सी ‘इ-ड्राइभ नेपाल’को सेवा सुरू

■ दामोदर खनाल

**जानकी (बाँके)–** लुम्बिनी प्रदेशमै पहिलो अनलाइन माध्यमबाट सञ्चालन हुने ट्याक्सी तथा मोटरसाइकल सेवा ‘ई-ड्राइभ नेपाल’ले शनिबारदेखि नेपालगञ्जमा औपचारिक रूपमा आफ्नो सेवा शुभारम्भ गरेको छ । नेपालगञ्ज उपमहानगरपालिकाका नगरप्रमुख प्रशान्त बिष्टले आज उक्त सेवाको शुभारम्भ गरेका हुन् । उक्त सेवा शनिबारदेखि बाँके र बर्दियामा सुरु भएको हो ।

उक्त अवसरमा नगरप्रमुख बिष्टले भने, ‘प्रविधिमैत्री यस्ता सेवाले सहरको यातायात सेवालाई सहज बनाउनुका साथै नागरिकलाई सुरक्षित र भरपर्दो सेवा उपलब्ध गराउने विश्वास छ ।’ नेपालगञ्जमा सुरु गरिएको विद्युतीय ट्याक्सी सेवाले आफ्नै देशमा काम गर्ने वातावरण सिर्जना गरेको उनले बताए ।

अठार महिना अघि बुटवल-भैरहवा क्षेत्रबाट सुरु गरिएको ई-ड्राइभ सेवा अब बाँकेको प्रमुख सहर नेपालगञ्जमा विस्तार गरिएको ई-ड्राइभ लुम्बिनीका निर्देशक विजय भण्डारीले जानकारी दिए । उनका अनुसार शनिबारैदेखि बाँके र बर्दियामा एकसाथ ई-ड्राइभ नेपालको सेवा विस्तार भएको छ ।




निर्देशक भण्डारीले भने, ‘समयअनुसार सेवा प्रणाली प्रविधियुक्त डिजिटल बन्दै गइरहेको सन्दर्भमा ट्याक्सी सेवालाई पनि प्रविधिसँग जोडेर अनलाइन माध्यमबाट सुरक्षित, सहज र सुलभ सेवा प्रदान गर्ने उद्देश्यले नेपालगञ्जमा सेवा सञ्चालनमा ल्याएका हौँ ।’

कार्यक्रममा ई-ड्राइभ लुम्बिनीका अध्यक्ष राजकुमार गुप्ताले युवायुवतीलाई स्वदेशमै स्वरोजगार बनाउने र रोजगारी सिर्जना गर्ने लक्ष्यसहित यो सेवा सुरु गरिएको बताए । उनले भने, ‘युवालाई विदेश जान बाध्य पार्नुको सट्टा स्वदेशमै रोजगारी सिर्जना गर्ने हाम्रो उद्देश्य हो । आगामी दिनमा ई-ड्राइभ सेवालाई देशभर विस्तार गर्ने योजना बनाएका छौँ ।’

हाल ई-ड्राइभ लुम्बिनीले रु सात करोडभन्दा बढी लगानी गरेको छ । हाल रूपन्देहीमा एक सय १० ट्याक्सी तथा पाँच सयभन्दा बढी मोटरसाइकल चालकमार्फत सेवा दिँदै आएको ई-ड्राइभले नेपालगञ्जमा प्रारम्भिक चरणमा १५ विद्युतीय ट्याक्सीमार्फत सेवा सुरु गरेको ई-ड्राइभ लुम्बिनीका निर्देशक भण्डारीले बताए ।

# व्यावसायिक कृषिमा रमाउँदै हुप्सेकोटका रजाली

**मध्यविन्दु (नवलपरासी)** – नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को हुप्सेकोट गाउँपालिका-५ पहारे बसेनी भौगोलिक रूपमा दुर्गम बस्तीमध्ये पर्छ । सडक, बजार र सेवा सुविधाको पहुँच सीमित रहेको यस गाउँमा पनि आत्मनिर्भर बन्न सकिन्छ भन्ने उदाहरण बन्नु भएको छ ४२ वर्षीय खेम रजाली मगर ।

करिब पाँच वर्षअघि सामान्य व्यापारमा संलग्न रहेका मगरले पछिल्ला दुई वर्षदेखि भने पूर्ण रूपमा व्यावसायिक कृषि कर्मलाई आफ्नो जीवनको मूल आधार बनाएका छन् ।

‘अरू साथीहरू विदेशतिर लागे, तर मैले आफ्नै गाउँमा केही गरौँ भन्ने सोच लिएँ’, उनले भने, ‘विगत दुई वर्षदेखि व्यावसायिक रूपमा बाख्रासँगै अन्य कृषिकार्य गरिरहेको छु ।’

मानिस पशु, पक्षी तथा कृषि फर्म दर्ता गरी मगर दम्पतीले अहिले आफ्नै गाउँमा व्यावसायिक रूपमा बाख्रा, कुखुरा र मौरी पालन गर्दै आएका छन् । यससँगै अम्रिसोको कुचो उत्पादन र बिक्री पनि उनीहरूको आम्दानीको अर्को स्रोत बनेको छ । गाउँको भौगोलिक अवस्था चुनौतीपूर्ण भए पनि कृषि कर्ममा उनीहरूको लगाव र परिश्रमले अहिले सफल कृषकको रूपमा चिनारी दिएको छ ।

‘अहिले फर्ममा लोकल खरी जातका बाख्रा धेरै रहेका छन् । बजारमा खसीको माग अत्यधिक भएकाले बिक्रीको समस्या परेको छैन’, उनले भने, ‘कुखुरा, हाँस र मह पनि उत्पादन गर्ने गरी बिक्री गरिरहेको छु ।’

आर्थिक रूपमा हेर्दा बाख्राबाट मात्र एक सिजनमा चारदेखि पाँच लाख रूपैयाँसम्म आम्दानी हुने गरेको उनी बताउँछन् । त्यसैगरी मौरीपालाबाट वार्षिक ५०-६० हजार रूपैयाँ र अम्रिसोको कुचो बिक्रीबाट थप आम्दानी हुँदै आएको मगरले बताए ।

‘कृषि कर्मबाट भएको कमाइ जोड्दा वर्षमा आठदेखि दश लाख रूपैयाँसम्म आम्दानी हुने गरेको छ’, उनले भने, ‘आखिर विदेश नै गएको भए पनि वर्षमा तेती कमाइ हुँदैन होला ।’

श्रीमान्-श्रीमती दुवै जना मिलेर काम गर्ने गरेको मगरको भनाइ छ । बाख्रालाई घाँस, पानी, दवाई श्रीमान् श्रीमती दुवै जना मिलेर काम गर्दा कामको बोझ नभएको मगर दम्पतीको अनुभव रहेको छ ।

‘हामी दुवै मिलेर काम गर्छौं, कामको थकानभन्दा आत्मसन्तुष्टि ठुलो छ’, उनले भने, ‘गाउँघर मै बसेर आफ्नै मेहनतमार्फत परिवारलाई खुसीका साथ पाल्न सकिएकोमा हामी सन्तुष्ट छौँ ।’

दुर्गम गाउँमा बसेर कृषि व्यवसाय गर्नु सजिलो भने छैन । घाँस, दाना, उपचार र बजारसम्म पुर्‍याउने समस्या अझै चुनौतीका रूपमा रहेका छन् । तर पनि स्थानीय स्रोत-साधनको प्रयोग, मेहनत र निरन्तरताले यी समस्या क्रमशः पार गर्न सकिने विश्वास मगरको छ । भविष्यमा यसै व्यवसायलाई थप विस्तार गर्ने योजना रहेको उनी बताउँछन् ।

‘उन्नत जातका बाख्रा थप्ने, मौरीका घार बढाउने र उत्पादनलाई व्यवस्थित बजारसम्म पुर्‍याउने लक्ष्य रहेको छ’, उनले भने, ‘गाउँका अन्य युवालाई पनि कृषि कर्मतर्फ आकर्षित गर्ने चाहना रहेको छ, हेरौँ कति पुरा हुन्छ ।’

खेम रजाली मगरको कृषि कर्ममा हुप्सेकोट गाउँपालिकाले पनि सहयोग र सहकार्य गरिरहेको हुप्सेकोट गाउँपालिकाका पशु सेवा शाखाका बुद्धिबहादुर देउजाले बताए ।

‘युवाहरू बिदेसिने प्रवृत्तिबिच आफ्नै गाउँमा सम्भावना खोज्दै आत्मनिर्भर बन्न सकिन्छ भन्ने सन्देश खेम रजालीजस्ता कृषक दिनुभएको छ’, पशु सेवा शाखा प्रमुख देउजाले भने । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण:** एक्प्रेस कलर प्रेस, **कार्यालय:** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि:** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक:** कृष्ण कार्की, **सम्पादक:** विष्णु तामाङ